# गोकुलगंगा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालयको
# अनुदान वितरण तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७

**गोकुलगंगा गाउँपालिका**

गाउँ कार्यपालिकाको कार्यालय

रस्नालु ३, रामेछाप

बागमती प्रदेश

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति :- २०७७/०९/०४ गते

# गोकुलगंगा गाउँपालिकाको अनुदान वितरण तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७

**प्रस्तावना :** गोकुलगंगा गाउँपालिकाको कृषि र पशुपंक्षी क्षेत्रको बिकासको माध्यमबाट आर्थिक बिकास गर्न सकिन्छ भन्ने बिश्वास लिई निजी क्षेत्रलाई प्रोत्साहन, संघ संस्था परिचालन गरी उद्यम बिकास, रोजगारीको श्रृजना गर्दै निर्वहामुखी खेतीको सट्टा व्यबसायिक जनशक्ति निर्माण गरी आर्थिक रुपले सम्पन्न गाउँपालिका निर्माण गरिने बिश्वासको साथ योजना तथा कार्यक्रम तर्जुमा हुदै आएको र कृषि तथा पशुपंक्षीजन्य कच्चा पर्दाथको माध्यमबाट घरेलु उद्योगको बिकास, मत्स्य विकास, आधुनिक कुखुरापालन, बंगुरपालन, आलु/तरकारी/नगदेवाली खेती, चौरीगाई पालन, च्याउ खेती, चिज उत्पादन, बाख्रापालन, दुग्ध डेरी व्यबसाय, मौरीपालन लगायतका उद्योग तथा व्यावसाय प्रबर्द्धन गर्ने नीतिलाई गाउँपालिकाबाट कार्यान्वयन गर्नुपर्ने भएकोले गोकुलगंगा गाउँपालिकाले कृषि, पशुपन्छि, उद्यम विकास, पर्यटन, माछापालन, जटिबुटी उत्पादन तथा प्रशोधन, सूचना तथा प्रविधि तथा अन्य विविध क्षेत्रमा दिइने अनुदान दोहोरो पर्न नदिई अनुदान वितरणलाई सुनिश्चितता कायम गर्न, उत्पादित बस्तुहरुलाई सहज रुपमा बजार सम्म पुर्‍याई किसानको आर्थिक हित र उन्नतिको कार्यमा सघाउन र अन्य विविध क्षेत्रमा वितरण गरिने अनुदानहरुको व्यवस्थापन गर्न कार्यविधि बनाउन वाञ्छनीय भएकोले, नेपालको संविधान २०७२ को धारा २२६ को उपधारा (१) तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ एवं गोकुलगंगा गाउपालिकाबाट अनुदान, राहत दिने सम्बन्धमा व्यबस्था गर्न बनेको ऐन, २०७७ को दफा १० बमोजिम गोकुलगंगा गाउपालिकाले यो कार्यबिधि बनाई लागू गरेको छ ।

## परिच्छेद- १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम **"गोकुलगंगा गाउँपालिकाको अनुदान वितरण तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७"** रहेको छ ।

(२) यो कार्यविधि गोकुलगंगा गाउँ कार्यपालिकाको राजपत्रमा प्रकाशित भए पश्चात् तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा :** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **"अध्यक्ष"** भन्नाले गोकुलगंगा गाउँकार्यपालिकाको अध्यक्ष सम्झनपुर्छ ।

(ख) **उपाध्यक्ष"** भन्नाले गोकुलगंगा गाउँकार्यपालिकाको उपाध्यक्ष सम्झनुपर्छ ।

(ग) **"कार्यपालिका"** भन्नाले गोकुलगंगा गाउँकार्यपालिका सम्झनुपर्छ ।

(घ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले गोकुलगंगा गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(ङ) **"गाउँपालिका"** भन्नाले गोकुलगंगा गाउँपालिका सम्झनु पर्छ ।

(च) **"मन्त्रालय"** भन्नाले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई सम्झनु पर्छ ।

(छ) **"समिती"** भन्नाले दफा ६५ बमोजिम गठन गरिएको **गोकुलगंगा गाउँपालिका अनुदान अनुगमन र मुल्यांकन समिती** सम्झनुपर्छ ।

(ज) **"सेवाग्राही"** भन्नाले गोकुलगंगा गाउँपालिकाको अनुदानमा भाग लिन योग्य व्यत्ति, फार्म, कम्पनी र समूहहरुलाई सम्झनुपर्छ ।

(झ) **"क्षेत्र"** भन्नाले सेवाग्राहीले अंगालेको व्यवसाय, उद्यम वा पेशाको क्षेत्र सम्झनु पर्छ ।

(ञ) **"सदस्य"** भन्नाले गोकुलगंगा गाउँकार्यपालिकाको सदस्यलाई सम्झनु पर्छ । सो शब्दले गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष र वडा अध्यक्ष समेतलाई जनाउने छ ।

(ट) **"अनुदान"** भन्नाले गोकुलगंगा गाउँपालिकाद्धारा परिच्छेद ३ बमोजिमका क्षेत्रहरुमा वितरण गरिने सर्शत वा निशर्त सम्बन्धी आर्थिक तथा प्राविधिक साहायता सम्झनु पर्दछ ।

(ठ) **"अनुगमन टोली"** भन्नाले दफा ६५ को उपदफा (२) अनुसार गठन गरिएको टोली सम्झनु पर्दछ ।
(ड) **"सभा"** भन्नाले गोकुलगंगा गाऊँपालिकाको गाउँसभा सम्झनुपर्छ ।
(ढ) **"जिन्सी"** भन्नाले मुर्त वस्तुमा दिईएको अनुदान सम्झनुपर्दछ ।
(ण) **"न्यायिक समिती"** भन्नाले गोकुलगंगा गाउँपालिकाको न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७४ बमोजिमको समिति सम्झनु पर्दछ ।
(त) **"होमस्टे"** भन्नाले आन्तरिक र वाह्य क्षेत्रका पर्यटकहरुलाई आकर्षित गर्ने उद्देश्यले ग्रामिण संस्कृति झल्कने गरी खाना/नास्ता र आवासीय सुविधा भएको ग्रामिण परिवेशको घर सम्झनु पर्दछ ।
(थ) **"मापदण्ड"** भन्नाले अनुदान प्राप्त गर्नको लागि तोकिएका शर्त पूरा गर्ने कागजात/प्रमाण वा स्थलगत् अनुगमनबाट देखिने कृषक, कृषक समूह, कम्पनी वा फर्मको अवस्था सम्झनु पर्दछ ।

## परिच्छेद- २
## गाउँपालिकाले अनुदानको व्यवस्था गर्ने

**३. अनुदान दिईने :** (१) गाउँपालिकाले हरेक वर्ष गाउँपालिकाको कार्यक्षेत्र भित्रका कृषक, उद्यमी, निजी फर्म, सहकारी, संघ/संस्था, व्यवसायीहरुको निमित्त अनुदानहरुको व्यवस्था गर्न सक्नेछ ।
(२) गाउँपालिकाद्धारा दिईने अनुदानहरु सशर्त तथा निशर्त प्रकृतिका हुनेछन भने ति अनुदानहरु नगदमा, प्राविधिक सहायताको रुपमा वा जिन्सी समेतमा दिईने छ ।
(३) हरेक वर्षमा दिईने अनुदानको क्षेत्र, आकार ईत्यादि गाउँ सभाले पारित गरेबमोजिम हुनेछ ।

**४. प्रतिस्पर्धालाई आधार मानिने :** गाउँपालिकाबाट प्रदान गरिने सम्बन्धित अनुदानमा तोकिएको भन्दा धेरै सेवाग्राहीहरुले निवेदन पेश गरेको खण्डमा परिच्छेद- ४ को मापदण्डको आधारमा जसको मापदण्ड बढी पुगेको छ सोही सोवग्राहीलाई प्राथमिकतामा राखी अनुदान वितरण गरिनेछ । तर, गाउँपालिकाद्धारा प्रदान गरिने बिशेष वर्ग, जातजाती, लिङ्ग, स्थान वा समूहहरुको लागि मात्र वितरण गरिने भनी व्यवस्था गरिएको अनुदानका कार्यक्रमहरुमा यो दफा लागू हुनेछैन ।

**५. सूचना प्रकाशन गरिने :** (१) गाउँपालिकाद्धारा वितरण गरिने हरेक प्रकारको अनुदानहरु वितरण हुनुभन्दा ३५ (पैंत्तिस) दिन अगाडि सार्वजनिक रुपमा रेडियो, एफ्.एम., गाउँपालिकाको वेभसाईट र गाउँपालिका स्थित सूचना पाटीमा प्रमुख प्रशासकीय अधिकृतले अनुदानको अनुगमन, मुल्यांकन तथा सिफारिस समितिको निर्णय पश्चात् प्रकाशित गरिने छ ।

(२) उपदफा (१) बमोजिमको सूचनाको आधारमा सेवाग्राहीले अनुसूची १ को ढाँचामा अनुदान प्राप्त गर्न गाउँपालिकामा आवेदन पेश गर्नुपर्नेछ ।

**६. अनुदान दिने सम्बन्धी अधिकार :** (१) हरेक प्रकारका अनुदानहरु कसलाई, कसरि र कति मात्रामा दिने भन्ने निणर्य गर्ने अधिकार गाउँपालिकामा निहित रहनेछ ।

(२) उपदफा १ बमोजिमको अधिकार प्रयोग गरी गरिएको निर्णय भेदभावपूर्ण, अधिकारको दुरुपयोग गरी गरिएको र कार्यविधिको मापदण्डअनुसार नगरिएको भन्ने कसैलाई लागेको खण्डमा निजले गाउँपालिकाको न्यायिक समिति मार्फत स्पष्टिकरण र कानूनी उपचार प्राप्त गर्ने अधिकार रहनेछ ।

**७. अनुदान दिने मापदण्डका सामान्य सिद्धान्तहरु :** (१) सामान्यतयाः गाउँपालिकाको अनुदान गोकुलगंगा गाउँपालिकाका स्थानीय बासिन्दा नेपाली नागरिकहरुलाई प्रदान गरिनेछ । तर, यस गाउपालिकामा बिगत ५

वर्षदेखि स्थायीरुपमा बसोवास गरी आएका नेपाली नागरिकलाई यो मापदण्ड आनुसार रु ५ लाखसम्मको अनुदान दिन बाधा पर्ने छैन । साथै, बिगत १० वर्षदेखि यस गाउपालिकामा स्थायीरुपमा बसोवास गरी आएका नेपाली नागरिकलाई यस मापदण्डभित्रको कुनैपनि अनुदान दिन बाधा पर्ने छैन ।

(२) सामान्यतयाः अनुदानको रकमबाट आफ्नै जमिन भएको स्थानमा कार्यक्रम संचालन गर्नेलाई प्राथमिकता दिईनेछ ।
(३) सामान्यतयाः अनुदानको रकमबाट आफै र परिवार नै संलग्न भै काम गर्नेलाई वा स्थायीरुपमा कामदार राखी कार्यक्रम संचालन गर्नेलाई प्राथमिकता दिईनेछ ।
(४) स्थानीय मागलाई आपूर्ति गर्ने गरी स्थानीय वजारमा उत्पादन विक्री गर्ने सुनिश्चितता भएकालाई अनुदान दिने कार्यमा प्राथमिकता प्राथमिकता दिईनेछ ।
(५) यो अनुदान प्राप्त गर्न अरु कुनै प्रकारको अनुदान नलिएको हुनुपर्नेछ ।
(६) यो अनुदान पाउनेले स्वयं आफै काम गर्नुपर्नेछ । यदि अनुदान लिएर अर्का मार्फत काम गराएमा अनुदान फिर्ता गर्नुपर्नेछ ।
(७) गाउँपालिकाले दिएको निर्देशन पालना गर्नुपर्नेछ ।
(८) अनुदान रकम उपयोगको प्रगति बिबरण गाउँपालिकालाई नियमितरुपमा दिनु पर्नेछ ।
(९) अनुदानमा संचालित आयोजनाले होडिंग वोर्ड राखी गाउँपालिकाको अनुदानको सन्दर्भ उल्लेख गर्नुपर्नेछ ।
(१०) प्रचलित कानूनको पूर्णपालना गरी नमूनाको रुपमा (रोलमोडल) काम गर्नुपर्नेछ ।

**८. अनुदान रकमका आधारमा बर्गिकरण :**

**(१) सामान्य अनुदान :**

गाउँपालिकाले प्रदान गर्ने रु. ३ लाखसम्मको अनुदानलाई सामान्यरुपमा लिनु पर्छ । जस अनुसार घाँसको बिरुवा उत्पादन, होमस्ट, जाम उद्योग, अचारउद्योग, जूस उद्योग, नेपाली कागज, आरण उद्योग, टेलरिंग, पाउरोटी, ढुंगा काट्ने मेशिन, बेतवास उद्योग, चाउचाउ उद्योग, बैदेशिक रोजगारीबाट फर्किएकाको सीप, कम्पोष्ट मलखाद उद्योग र अन्य यस्तै प्रकतिका विविध क्षेत्रहरु पर्नेछन ।

**(२) न्यून मध्यम अनुदान :**

गाउँपालिकाले प्रदान गर्ने रु. ५ लाखसम्मको अनुदानलाई न्यून मध्यम अनुदानका रुपमा लिनु पर्छ । जस अनुसार सिताके च्याउ, भैसी पालन, कंचनदूध उत्पादन, कोशेली घर, सुगन्धित तेल उद्योग, चिया प्रशोधन, सिकर्मी उद्योग, छाला जुत्ता उद्योग र अन्य यस्तै प्रकतिका विविध क्षेत्रहरु पर्नेछन ।

**(३) मध्यम स्तरको अनुदान :**

गाउँपालिकाले प्रदान गर्ने रु. १० लाखसम्मको अनुदानलाई मध्यमस्तरको अनुदानका रुपमा लिनु पर्छ । यस कार्यक्रम अन्तर्गत अनुदान दिदा गाउँपालिकाको आम जनतामा पुग्ने लाभको विश्लेषण गर्नुपर्छ । जस अनुसार कुकिज उद्योग, ससेज उद्योग र अन्य यस्तै प्रकतिका विविध क्षेत्रहरु पर्नेछन ।

**(४) विशेष अनुदान :**

गाउँपालिकाले प्रदान गर्ने रु. १० लाख माथिको अनुदानलाई विशेष अनुदानकारुपमा लिनु पर्छ । यसर्थ, यस कार्यक्रम अन्तर्गतको अनुदान दिदा विशेष सतर्कता, सजगता अपनाउने, जिम्मेवारी बोध गर्ने, जनताको करको रकमको सदुपयोग हुने कुरामा पक्का हुने, आबश्यकतानुसार पूर्व संभाव्यता अध्ययन गर्ने वा सिफारिस समितिको प्रतिबेदनका आधारमा अनुदान दिने प्रबन्ध गर्नुपर्छ । जस अनुसार **चक्लाबन्दी र बाँजो जमिनमा आलु र सेतो सिमी खेती**,

**पर्यटकीय प्रकृतिको होटल व्यवसाय, साबुन उद्योग, प्रेश उद्योग, मिनेरल वाटर उद्योग, होजियारी व्यवसाय** र अन्य यस्तै प्रकतिका विविध क्षेत्रहरु पर्नेछन ।

## परिच्छेद- ३
## अनुदान वितरणका क्षेत्रहरु

**९. कृषि :** (१) गाउँपालिकाले वितरण गर्ने कृषि सम्बन्धीका अनुदानका क्षेत्रहरु देहायबमोजिमका रहनेछन :-

**(क) तरकारी खेतीतर्फ दिईने अनुदानहरु-** यसअर्न्तगत गोलभेडा, प्याज, कागती, लसुन, अदुवा, च्याउ लगायतको खेती गर्ने तथा बिक्रिवितरण गर्ने कृषक, फार्म तथा समूहहरुलाई गाऊँपालिकाले अनुदान वितरण गर्न सक्नेछ ।

**(ख) नगदे बाली तर्फ दिईने अनुदानहरु-** यसअर्न्तगत आलु, किवी, चिया, कफी, स्याउ, अम्रिसो लगायत अन्य फलफुलहरुको खेती गरी उत्पादन गर्ने तथा बिक्रिवितरण गर्ने कृषक, फार्म तथा समूहहरुलाई गाऊँपालिकाले अनुदान वितरण गर्न सक्नेछ ।

**(ग) कृषि अनुसन्धान केन्द्रका लागि अनुदान-** यस अर्न्तगत गाऊँपालिकाभित्र स्थापना भई, गाऊँपालिकाको कृषकहरुको निमित्त उन्नत बिउबिजन परीक्षण गरी उत्पादन गर्ने र सहुलियत दरमा बिऊविजन बिक्रि गर्ने उदेश्य भएका कृषि अनुसन्धान केन्द्रहरुलाई गाऊँपालिकाले अनुदान प्रदान गर्न सक्नेछ ।

(२) उपदफा १ बमोजिमका क्षेत्रमा अनुदान प्राप्त गर्न र वितरण गर्न यस कार्यविधिको परिच्छेद ४ अनुसारको मापदण्डहरु पूरा भएको हुनुपर्नेछ ।

**१०. होटल तथा पर्यटन व्यवसाय :** (१) यस क्षेत्रका उद्यमी तथा व्यवसायीहरुले गोकुलगंगा गाऊँपालिकाबाट देहायबमोमिका क्षेत्रहरुमा अनुदानहरु प्राप्त गर्न सक्नेछन :-

**(क) होमस्टे सञ्चालन-** यस अर्न्तगत गोकुलगंगा गाऊँपालिकाको वडा नं. १ देखि वडा नं. ६ सम्म पर्यटन व्यवसायको प्रर्वद्धन गर्ने उद्देश्यका साथ सञ्चालनमा रहेका होमस्टेहरुलाई गोकुलगंगा गाउँपालिकाले अनुदान प्रदान गर्न सक्नेछ ।

**(ख) होटल सञ्चालन-** यस अर्न्तगत गोकुलगंगा गाऊँपालिकाको वडा नं. १ देखि वडा नं. ६ सम्म पर्यटन व्यवसायको प्रर्वद्धन गर्ने उद्देश्यका साथ सञ्चालनमा रहेका पर्यटकीय होटलहरुलाई गोकुलगंगा गाउँपालिकाले अनुदान प्रदान गर्न सक्नेछ ।

**(ग) पर्यटकीय पार्क सञ्चालन-** यस अर्न्तगत गोकुलगंगा गाऊँपालिकाको वडा नं. १ देखि वडा नं. ६ सम्मका स्थानभित्र वाटर पार्क, फन पार्क, प्राकृतिक उद्यान जस्ता व्यवसाय सञ्चालन गरिरहेको उद्यमशिल कम्पनीहरुलाई गोकुलगंगा गाऊँपालिकाले अनुदान प्रदान गर्न सक्नेछ ।

(२) उपदफा १ बमोजिमका क्षेत्रमा अनुदान प्राप्त गर्न र वितरण गर्न यस कार्यविधिको परिच्छेद ४ अनुसारको मापदण्डहरु पूरा भएको हुनुपर्नेछ ।

**११. पशुपंक्षी पालन :** (१) यस अर्न्तगत गोकुलगंगा गाउँपालिकाद्धारा अनुदान वितरण गर्न सकिने क्षेत्रहरु देहाय बमोजिमका हुनेछन :-

**(क) बाखापालन-** बाखापालन व्यवसाय गर्ने कृषक, कृषक फार्म, कम्पनी र समूहहरुलाई उन्नत जातका बाखाहरु पालन गर्न सहायता गर्नको लागि बोका बितरण, बाखाको माउ वितरण, खोरको स्तरवृद्धि तथा पुनः निर्माण ईत्यादि लगायतका कार्यक्रमहरुमा गाउँपालिकाले अनुदान वितरण गर्न सक्नेछ ।

**(ख) गाईभैंसी पालन-** गाईभैंसीपालन गर्ने कृषक, फार्म, कम्पनी र समूहहरुलाई उन्नत नश्लका गाईभैंसीका पालन गर्न गाईभैंसी वितरण कार्यक्रम, उन्नत नश्लका राँगा तथा गोरु वितरण कार्यक्रम र भकारो सुधार कार्यक्रमहरु मार्फत गोकुलगंगा गाऊँपालिकाले अनुदानहरु प्रदान गर्न सक्नेछ ।

**(ग) बंगुरपालन-** यस कार्यक्रमअर्न्तगत बंगुरपालन गर्ने कृषक, कृषक फार्म, कम्पनी र समूहलाई खोर निर्माण, स्तरवृद्धि र विपन्न वर्गको निमित्त पाठा पाठी वितरण जस्ता कार्यक्रमहरु मार्फत अनुदान गोकुलगंगा गाऊँपालिकाले प्रदान गर्न सक्नेछ ।

**(घ) चौंरीपालन-** यस गाऊँपालिकाको वातावरण तथा हावापानी सुहाउदो स्थानमा व्यवसायिक चौंरीपालन गर्ने कृषक, कृषक समूहलाई चौंरीपालन सम्बन्धी विविध पक्षमा आवश्यक पर्ने अनुदानहरु गोकुलगंगा गाउँपालिकाले प्रदान गर्न सक्नेछ ।

**(ङ) कुखुरापालन-** यस कार्यक्रम अर्न्तगत लोकल कुखुरा, लेयर्स कुखुरा, व्यवसायिक बट्टाई पालन, व्यवसायिक कालिज पालन ईत्यादि लगायतका पंक्षीजन्य उत्पादन गर्ने कृषक, फार्म, कम्पनी वा समूहहरुलाई खोर व्यवस्थापन सहायता तथा खोर र व्यवसायको स्तरवृद्धि कार्य गर्नको लागि अनुदान गाउँपालिकाले प्रदान गर्न सक्नेछ ।

**(च) मौरी तथा रेशम किराको पालन-** गोकुलगंगा गाऊँपालिकाले व्यवसायिक रुपमा मौरी तथा रेशम किराको पालन गर्ने कृषक, फार्म, समूह तथा कम्पनीलाई आवश्यकता अनुसारको अनुदानहरुको व्यवस्था गरी दिन सक्नेछ ।

(२) उपदफा १ बमोजिमका क्षेत्रमा अनुदान प्राप्त गर्न र वितरण गर्न यस कार्यविधिको परिच्छेद ४ अनुसारको मापदण्डहरु पूरा भएको हुनुपर्नेछ ।

**१२. घरेलु उद्योग :** (१) स्थानीय साधन स्रोतको प्रयोग गरी सानो लगानी र थोरै जनशक्तिमा आधारित घरेलु उद्योग स्थापना, प्रर्वद्धन, सञ्चालन र स्वरोजगारीताको अवसरहरु सृजना हुने देहाय बमोजिमका क्षेत्रहरुमा गोकुलगंगा गाउँपालिकाले अनुदान वितरण गर्न सक्नेछ :

**(क) बेत, बाँस र निगालोको सामाग्री उत्पादन गर्ने उद्योग-** यस उद्योग अर्न्तगत बेत, बाँस र निगालोबाट बनाईने कलात्मक, पराम्परागत तथा आधुनिक टुल, न्याक, टोपी, थुन्से, डोको, डालो, नाङ्लो, चाल्नी, बास्केट लगायतका उत्पादनहरुलाई बजारिकरण गर्न सहुलियत, औजार खरिद तथा स्तरोन्ती लगायतका कार्यक्रममार्फत यस क्षेत्रका उद्यमी व्यक्ति तथा फार्म, कम्पनी वा समूहहरुलाई यस गाउँपालिकाले अनुदान प्रदान गर्न सक्नेछ ।

**(ख) चिज, छुर्पी उत्पादन उद्योग-** दुग्ध पदार्थबाट उत्पादन हुने चिज, छुर्पी, स्यार्खुम लगायतका उत्पादन गर्ने उद्योगहरुलाई यस गाऊँपालिकाले अनुदान प्रदान गर्न सक्नेछ ।

**(ग) सिन्के चाउचाउ उद्योग-** मापदण्डअनुसार संचालन गरिने सिन्के चाउचाऊ उत्पादन गर्ने उद्यमीहलाई यस गोकुलगंगा गाऊँपालिकाले उनुदान वितरण गर्न सक्नेछ ।

**(घ) टेलरिङ उद्योग-** यस अर्न्तगत टेलरिङ व्यवसाय गरी जिविका चलाउने तथा रोजगारी प्रदान गर्ने उद्योगीहरुलाई विविध प्रकारको अनुदान सहायता गाउँपालिकाले दिन सक्नेछ ।

**(ङ) सिकर्मी तालीम केन्द्र (फर्निचर उद्योग)-** यस अर्न्तगत काष्ठकला, काष्ठ सामाग्री उत्पादन गर्ने तथा सो सम्बन्धी तालिम सञ्चालन गर्ने उद्योगीहरुलाई गोकुलगंगा गाऊँपालिकाले अनुदान दिन सक्नेछ ।

**(च) आरण उद्योग-** व्यवसायिक रुपमा फलामबाट हलो, कोदालो, खुकुरी, हँसिया लगायतका क्रियाकलापहरु सञ्चालन गर्ने उद्योगहरुलाई गोकुलगंगा गाऊँपालिकाले अनुदानहरु प्रदान गर्न सक्नेछ ।

**(छ) जाम उद्योग-** यस उद्योग अर्न्तगत रहेर विभिन्न फलफुलहरुको स्वादिस्ट जाम उत्पादन गरी बिक्रिवितरण गर्ने उद्योगहरुलाई यस गाऊँपालिकाले अनुदान प्रदान गर्न सक्नेछ ।

**(ज) साबुन उद्योग-** गाऊँपालिका भित्रै दर्ता भएर सञ्चालन भएका साबुन उद्योगहरुलाई स्थानीय बजारमा प्रतिस्पर्धा गरी बिक्रिवितरणको कार्य गराउनको लागि गाऊँपालिकाले साबुन उद्योगीहरुलाई सहुलियत

तथा अनुदान सहायता प्रदान गर्न सक्नेछ ।

(झ) **होजरी उद्योग -** यस अर्न्तगत स्विटर, पन्जा, मोजा, गन्जी, सल, मजेत्रो ईत्यादि लगायतका बुनेर उत्पादन गरिने उद्योगीहरुलाई गोकुलगंगा गाऊँपालिकाले आवश्यकता अनुसारको अनुदान कार्यक्रमहरुको व्यवस्था गर्न सक्नेछ ।

(ञ) **छाला उद्योग -** छालाबाट उत्पादन हुने सामाग्रीहरुको उत्पादन गर्ने, छाला प्रशोधन तथा छालाको व्यवसायिक बिक्रिवितरण गर्ने उद्यमीहरुलाई यस गोकुलगंगा गाऊँपालिकाले अनुदान दिन सक्नेछ ।

(ट) **नेपाली कागज उत्पादन (लोक्ति) उद्योग -** नेपाली कागजको उत्पादन गरी बिक्रिवितरण गर्ने उद्योगहरुलाई गोकुलगंगा गाऊँपालिकाले अनुदानहरु प्रदान गर्न सक्नेछ ।

(ठ) **कोसेली घर सञ्चालन -** यस गोकुलगंगा गाऊँपालिका क्षेत्रमा उत्पादन हुने समस्त वस्तु तथा सामाग्रीहरुको बजारीकरण तथा बिक्रिवितरण तथा उत्पादित बस्तुहरुको प्रचार प्रसार गर्ने उदेश्यले गोकुलगंगा गाऊँपालिकाभित्र कोसेली घरको व्यापार गर्न चाहाने वा गर्ने उद्यमीहरुलाई गाऊँपालिकाले अनुदान प्रदान गर्न सक्नेछ ।

(ड) **कम्पोष्ट मलखाद उद्योग-** वातावरण संरक्षण तथा रसायनिक बिषादीहरुको प्रयोग न्युनीकरण गरी जैविक विविधतालाई जोगाईराख्ने उदेश्यसाथ सञ्चालन गरिएका कम्पोष्ठ मलखाँद उद्योगहरुलाई यस गोकुलगंगा गाऊँपालिकाले अनुदान प्रदान गर्न सक्नेछ ।

(ढ) **जडिबुटीजन्य सुगन्धित तेल प्रशोधन उद्योग-** प्राकृतिक रुपमा उपलब्ध जडिबुटीहरुको प्रशोधन गरी उत्पादन गरिने तेल, अत्तर ईत्यादि उत्पादन गर्ने उद्योगहरुलाई उत्पादनको बजारीकरण तथा पहिचानको लागि विभिन्न कार्यक्रममार्फत गाऊँपालिकाले अनुदान प्रदान गर्न सक्नेछ ।

(ण) **अचार उद्योग-** यस गोकुलगंगा गाउँपालिकाका कृषकहरुले उत्पादन गरेका विभिन्न किसिमका कृषि बस्तु जस्तै खुर्सानी, लसुन, गोलभेडा लगायतका कृषि जन्य सामाग्रिबाट अचार उद्योग संचालन गर्न गाउँपालिकाले अनुदान दिन सक्नेछ ।

(२) उपदफा १ बमोजिमका क्षेत्रमा अनुदान प्राप्त गर्न र वितरण गर्न यस कार्यविधिको परिच्छेद ४ अनुसारको मापदण्डहरु पूरा भएको हुनुपर्नेछ ।

**१३. मझौला उद्योग :** (१) मध्यम लगानीमा सञ्चालन हुने ५ देखि २० जनासम्मको व्यक्तिलाई रोजगार प्रदान गर्ने स्थानीयस्तरका उद्योगहरुलाई गाऊँपालिकाले प्रदान गर्ने अनुदानहरुको क्षेत्र देहाय बमोजिमका हुनेछन :

(क) **मेशिनद्धारा ढुङ्गा काट्ने उद्योग-** यस प्रकारको उद्योगअर्न्तगत आधुनिक औजार प्रयोग गरी स्लेट ढुङ्गा उत्पादन गर्ने उद्योगीहरुलाई गाऊँपालिकाले उत्पादनकोस्तर तथा मात्रात्मक विकासको लागि अनुदानहरु प्रदान गर्न सक्नेछ ।

(ख) **चिया प्रशोधन उद्योग-** किसानहरुको चिया संकलन गरी चिया प्रशोधन गर्ने उद्योगहरुलाई यस गोकुलगंगा गाऊँपालिकाले अनुदानहरुको व्यवस्था गर्न सक्नेछ ।

(ग) **प्रेस उद्योग-** छापाखाना सम्बन्धीको सम्पूर्ण क्रियाकलापहरु सञ्चालन गर्ने प्रेस सम्बन्धीको उद्योगहरुलाई गाउँपालिकाले अनुदान सहायताहरु प्रदान गर्न सक्नेछ ।

(घ) **नर्सरी उद्योग-** विभिन्न प्रकारका बोटबिरुवा, फलफुलका बिरुवा, तरकारीको बिरुवा ईत्यादि लगायतका बिरुवाहरु उत्पादन गर्ने उद्देश्यका साथ सञ्चालनरत नर्सरी उद्योगहरुलाई गाऊँपालिकाले अनुदानहरुको व्यवस्था गर्न सक्नेछ ।

(ङ) **कुकिज बिस्कुट उद्योग-** गाउँठाउमा उत्पादन भएका प्राकृतिक अन्नबालीहरुबाट उत्पादन गर्न सकिने कुकिज, बिस्कुट, ब्रेडलगायतका उत्पादन गर्ने उद्योगहरुलाई गाऊँपालिकाले अनुदान प्रदान गर्न सक्नेछ ।

(च) **ससेज उद्योग-** स्थानीय स्तरमा प्राप्त हुने खसी, भैंसीराँगा, कुखुरा र बंगुरको मासुबाट प्रशोधन गरी ससेज उत्पादन गर्ने उद्योगहरुलाई गाऊँपालिकाले अनुदान प्रदान गर्न सक्नेछ ।

**(छ) मिनरल वाटर उद्योग-** यस अर्न्तगत गाऊँपालिकाभरको जमिनभित्र रहेको शुद्ध पानीको मुहानबाट पानी उत्पादन गरी मिनिरल राखी बिक्रिबितरण गर्ने उद्योगहरुलाई यस गाऊँपालिकाले अनुदानहरुको व्यवस्था गर्न सक्नेछ ।

**(ज) मिल उद्योग-** यस गोकुलगंगा गाउँपालिका भित्रका विभिन्न कृषक जनताहरुले उत्पादन गरेका कृषि उत्पादन जस्तै धान, गहुँ, कोदो फापर इत्यादिको पिठो उत्पादन गर्नको लागि विभिन्न कार्यक्रममार्फत गाऊँपालिकाले अनुदान प्रदान गर्न सक्नेछ । गाउँपालिकाले मिल उद्योग संचालनको लागि सोभ्कै नगद अनुदान वा मिल व्यवसाय संचालनको लागि आवश्यक पर्ने सामाग्री खरिद गरी व्यवसाय संचालनको लागि सम्बन्धित व्यवसायलाई हस्तान्तरण गर्न सक्नेछ ।

(२) उपदफा १ बमोजिमका क्षेत्रमा अनुदान प्राप्त गर्न र वितरण गर्न यस कार्यविधिको परिच्छेद ४ अनुसारको मापदण्डहरु पूरा भएको हुनुपर्नेछ ।

**१४. माछापालन :** यस अर्न्तगत विविध प्रकारका उन्नत र छिटो मुनाफा दिन सक्ने जातका माछाहरुको व्यवसायिक पालन गर्ने कृषक तथा फार्महरुलाई मापदण्डमा व्यवस्था भए अनुसार फार्म तथा पोखरी र उत्पादन कार्य भएको पाईएको खण्डमा गाऊँपालिकाले माछापालनको लागि अनुदान प्रदान गर्न सक्नेछ ।

**१५. निजि वनको स्याहार संभार :** (१) व्यक्तिगत फाईदाको अतिरित्त; वातावरण सन्तुलन, भू-क्षय रोकथाम तथा बाढीपहिरोको जोखिम न्युनीकरण गर्ने उदेश्यसाथ स्थानीय जनताहरुलाई प्रोत्साहन गर्नको लागि यस क्षेत्रमा देहायबमोजिमका कार्यक्रममार्फत गाउँपालिकाले स्थानीय वासीहरुलाई अनुदान प्रदान गर्न सक्नेछ :

**(क) डाले घाँस उत्पादन-** प्रशस्त मात्रामा डाले घाँस उत्पादन हुने रुखहरु रोपेका किसानहरुलाई मापदण्ड पुगेको खण्डमा यस क्षेत्रमा प्रोत्साहन तथा स्तरोन्नति स्वरुप अनुदानको व्यवस्था गाउँपालिकामार्फत गर्न सकिनेछ ।

**(ख) काठ उत्पादन-** निर्माण तथा भौतिक संरचनाहरुको लागि आवश्यक पर्ने काठ उत्पादन हुने रुखबिरुवाहरु जस्तै; सल्ला, देवदार, चिलाउने, उत्तिस, साल, ठिंग्रेसल्ला र धुपी लगायतका रुखहरु रोपेर हुर्काउदै गरेका कृषक जनताहरुलाई गाऊँपालिकाले अनुदानको व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा १ बमोजिमका क्षेत्रमा अनुदान प्राप्त गर्न र वितरण गर्न यस कार्यविधिको परिच्छेद ४ अनुसारको मापदण्डहरु पूरा भएको हुनुपर्नेछ ।

**१६. बेरोजगार युवा व्यवस्थापन :** यस क्षेत्र अर्न्तगत सिपरहित बेरोजगार युवा, वैदेशिक रोजगारबाट फिर्ता भएका व्यत्तिहरु, शिक्षित बेरोजगार र सिप भएर पनि बेरोजगार रहनु परेका युवाहरुको पहिचान गरी स्वरोजगार तथा क्षमतामा आधारित रोजगार तथा सिपमूलक रोजगारमा युवाहरुलाई सहायता गर्नको लागि सो सम्बन्धी तोकिएको मापदण्डको आधारमा गाऊँपालिकाले अनुदानहरुको व्यवस्था गर्न सक्नेछ ।

**१७. पुस्तकालय तथा अध्ययन केन्द्र :** यस अर्न्तगत युवा, समाजसेवी तथा अग्रजहरुद्वारा सामाजिक हितका लागि भनेर स्थापना गरेका पुस्ताकालय, अध्ययन केन्द्र ईत्यादि क्षेत्रलाई सहायता गरी जनजीवनमा सुधार तथा शैक्षिक गुणस्तर वृद्धि गर्नको लागि गोकुलगंगा गाउँपालिकाले अनुदानहरुको व्यवस्था गर्न सक्नेछ ।

## परिच्छेद- ४
## अनुदान प्राप्ती र वितरण गर्न आवश्यक मापदण्डहरु

**१८. तरकारी खेतीतर्फ दिईने अनुदानहरु सम्बन्धी मापदण्डहरु :** (१) यस अर्न्तगत रहेर काम गर्ने कृषक तथा उद्यमीहरुलाई अनुदान प्रदान गर्न र कृषक उद्यमीहरुले अनुदान प्राप्त गर्न देहायबमोजिमका मापदण्डहरु पूरा गरेको हुनुपर्दछ ।

**(क)** व्यवसायिक फार्म वा कम्पनी वा समूह गाऊँपालिकामा दर्ता भएर अनुदानको लागि निवेदन पेश गरेको वर्ष सम्म को करचुत्ता भएको, फार्म/कम्पनी/समूह दर्ता नविकरण भएको हुनुपर्नेछ ।

**(ख)** फार्म/कम्पनी/समूह गोकुलगंगा गाउँपालिका भन्दा बाहिरको ठेगानामा दर्ता भएको रहेछ भने सो को शाखा कार्यलय खोल्न गोकुलगंगा गाऊँपालिकाबाट नविकरण गरिएको ईजाजत पत्र हुनुपर्ने छ ।

**(ग)** दफा ९ उपदफा (१) को खण्ड (क) बमोजिम तरकारी खेती घटिमा ३ देखि ५ रोपनीमा खेती गर्ने किसानको लागि प्रति व्यक्ति १ लाख सम्म अनुदान दिइने छ ।

**(घ)** जति धेरै क्षेत्रफलमा गरेको हो, त्यति प्राथमिकता पाउने छ ।

**(ङ)** बिगत ३ वर्षदेखि खेती गरेकोलाई प्राथमिकता दिइने छ ।

**(च)** आन्तरिक वा बाह्य बजार व्यबस्थापनको ज्ञान भएकालाई प्राथमिकता दिइने छ ।

**(छ)** तरकारी खेतीमा टनेल, रोपण यन्त्र, भण्डारण र प्याकेजीङमा अनुदान माग गर्नेलाई प्राथमिकता दिइने छ ।

**(ज)** यी सबै मापदण्ड पूरा गर्ने ५ जना भन्दा बढि किसानले वार्षिक बजेटको सीमा भन्दा बढि अनुदान दावी गरेमा अनुदान अनुगमन, मूल्यांकन तथा सिफारिस समितिले यस मापदण्ड बमोजिमको प्रतिस्पर्धात्मक क्षमता र औचित्य एवं व्यहारिकता समेतका आधारमा निर्णय गर्नेछ ।

(२) उपदफा १ को खण्ड (क), (ख) मा जे सुकै कुरा लेखिएको भएतापनि यस क्षेत्रको नमुना कृषकमा परेका कृषकहरुलाई व्यवसाय दर्ता नगरी सञ्चालन गरेको पाईएमा पनि अनुदान प्रदान गर्न सकिनेछ ।

(३) अन्य मापदण्डहरु अनुदान वितरण सम्बन्धी सूचना प्रसारण तथा प्रकाशन गर्दा तोकिए बमोजिमको हुनेछ ।

**१९. नगदे बाली तर्फ दिईने अनुदानहरु सम्बन्धी मापदण्डहरु :** (१) यस अर्न्तगत रहेर काम गर्ने कृषक तथा उद्यमीहरुलाई अनुदान प्रदान गर्न र कृषक उद्यमीहरुले अनुदान प्राप्त गर्न देहायबमोजिमका मापदण्डहरु पूरा गरेको हुनुपर्दछ ।

**(क)** व्यवसायिक फार्म वा कम्पनी वा समूह गाऊँपालिकामा दर्ता भएर अनुदानको लागि निवेदन पेश गरेको वर्ष सम्म को करचुत्ता भएको, फार्म/कम्पनी/समूह दर्ता नविकरण भएको हुनुपर्ने छ ।

**(ख)** फार्म/कम्पनी/समूह गोकुलगंगा गाउँपालिका भन्दा बाहिरको ठेगानामा दर्ता भएको रहेछ भने सो को शाखा कार्यलय खोल्न गोकुलगंगा गाऊँपालिकाबाट नविकरण सहितको ईजाजत पत्र हुनुपर्ने छ ।

**(ग)** दफा ९ को उपदफा (१) को खण्ड (ख) बमोजिम न्यूनतम ३ देखि ५ रोपनीमा खेती गर्ने किसानको लागि प्रतिव्यक्ति अधिकतम् रु १ लाख अनुदान दिइने छ ।

**(घ)** जति धेरै क्षेत्रफलमा गरेको हो, त्यति प्राथमिकता पाउने छ ।

**(ङ)** बिगत ३ वर्षदेखि खेती गरेकोलाई प्राथमिकता दिइने छ ।

**(च)** आन्तरिक वा बाह्य बजार व्यबस्थापनको ज्ञान भएकालाई प्राथमिकता दिइने छ ।

**(छ)** यी सबै मापदण्ड पूरा गर्ने ५ जना भन्दा बढि किसानले वार्षिक बजेटको सीमा भन्दा बढि अनुदान दावी गरेमा अनुदान अनुगमन, मुल्यांकन तथा सिफारिस समितिले यस मापदण्ड बमोजिमको प्रतिस्प्रर्धात्मक क्षमता र औचित्य एवं व्यहारिकता समेतका आधारमा निर्णय गर्ने छ ।

**(ज)** विउ विजन उत्पादन गर्ने किसान ।

**(झ)** कम्तीमा पनि ३ जनाले रोजगारीको अवसर प्राप्त गर्ने गरी फार्म/कम्पनी/समूहको मूख्य कार्यलय गाउँपालिका भित्र नै भएकोलाई पहिलो प्राथमिकता दिइने छ ।

(२) उपदफा १ को खण्ड (क), (ख) र (घ) मा जे सुकै कुरा लेखिएको भएतापनि यस क्षेत्रको नमुना कृषकमा परेका कृषकहरुलाई व्यवसाय दर्ता नगरी सञ्चालन गरेको पाईएमा पनि अनुदान प्रदान गर्न सकिनेछ ।

(३) अन्य मापदण्डहरु अनुदान वितरण सम्बन्धी सूचना प्रसारण तथा प्रकाशन गर्दा तोकिए बमोजिमको हुनेछ ।

**२०. कृषि अनुसन्धान केन्द्रका लागि अनुदानका मापदण्डहरु :** (१) यस अर्न्तगत रहेर काम गर्ने कृषक तथा उद्यमीहरुलाई अनुदान प्रदान गर्न र केन्द्रले अनुदान प्राप्त गर्न देहायबमोजिमका मापदण्डहरु पूरा गरेको हुनुपर्दछ ।

**(क)** व्यवसायिक फार्म वा कम्पनी वा समूह गाऊँपालिकामा दर्ता भएर अनुदानको लागि निवेदन पेश गरेको वर्ष सम्म को करचुत्ता भएको, फार्म/कम्पनी/समूह दर्ता नविकरण भएको हुनुपर्नेछ ।

**(ख)** दफा ९ को उपदफा (१) को खण्ड (ग) बमोजिमका क्रियाकलाप गर्ने केन्द्रले न्यूनतम रुपमा कृषि विज्ञ, जे.टि.ए. तथा अनुभव प्राप्त एक जना कृषक सो केन्द्रमा संलग्न भएको हुनुपर्नेछ ।

**(ग)** कम्तीमा पनि ३ जनाले स्व/रोजगारीको अवसर प्राप्त गर्ने गरी अनुसन्धान केन्द्रको मुख्य कार्यलय यस गोकुलगंगा गाउँपालिका भित्र नै हुनुपर्नेछ ।

(२) अन्य मापदण्डहरु अनुदान वितरण सम्बन्धी सूचना प्रसारण तथा प्रकाशन गर्दा तोकिए बमोजिमको हुनेछ ।

**२१. होमस्टे सञ्चालनमा अनुदानको मापदण्डहरु :** (१) यस अर्न्तगत रहेर काम गर्ने उद्यमीहरुलाई अनुदान प्रदान गर्न र उद्यमीहरुले अनुदान प्राप्त गर्न देहायबमोजिमका मापदण्डहरु पूरा गरेको हुनुपर्दछ ।

**(क)** व्यवसायिक उद्योग वा कम्पनी गाऊँपालिकामा दर्ता भएर अनुदानको लागि निवेदन पेश गरेको वर्ष सम्म को करचुत्ता भएको, उद्योग/कम्पनी दर्ता नविकरण भएको हुनुपर्नेछ ।

**(ख)** उद्योग/कम्पनी गोकुलगंगा गाउँपालिका भन्दा बाहिरको ठेगानामा दर्ता भएको रहेछ भने सो को शाखा कार्यलय खोल्न गोकुलगंगा गाऊँपालिकाबाट नविकरण सहितको ईजाजत पत्र हुनुपर्ने ।

**(ग)** दफा १० को उपदफा (१) को खण्ड (क) बमोजिमका क्रियाकलाप गर्ने उद्योग/कम्पनीमा न्यूनतम रुपमा अनुभव प्राप्त एक जना कुक (व्यवस्थापन ज्ञानसहितको), एक जना वेट्रेस/वेटर अनिवार्य रुपमा काम गर्ने हुनुपर्नेछ ।

**(घ)** ईन्टरनल डेकोरेसन, ईन्टरनेटको सुविधा र आधुनिक वाथरुमको व्यवस्था भएको, गाउँपालिकाको सस्कृति झल्किने घरलाई प्राथमिकता दिइने छ ।

**(ङ)** होमस्टे सात वटालाई सवा लाखदेखि डेढ लाख सम्म्को अनुदान दिइने छ ।

**(च)** पर्यटक वा बाहिरी पाहुनाहरुको आगमन हुने क्षेत्रमा मात्र यो अनुदान केन्द्रित गरिने छ ।

**(छ)** अतिथि सत्कारका लागि कम्तिमा घरमा दुई जना भएकालाई प्राथमिकता दिइने छ ।

**(ज)** पाहुनाको लागि सफा सुग्घर कोठा, शौचालय र पानीको उचित व्यवस्था भएकालाई प्राथमिकता दिइने छ ।

**(झ)** यी सबै मापदण्ड पूरा गर्ने ७ जना भन्दा बढिले अनुदान दावी गरेमा अनुदान अनुगमन, मूल्यांकन तथा सिफारिस समितिले औचित्य र व्यहारिकताका आधारमा निर्णय गर्नेछ ।

(२) अन्य मापदण्डहरु अनुदान वितरण सम्बन्धी सूचना प्रसारण तथा प्रकाशन गर्दा तोकिए बमोजिमको हुनेछ ।

**२२. होटल सञ्चालनमा अनुदानको मापदण्डहरु :** (१) यस अर्न्तगत रहेर काम गर्ने उद्यमीहरुलाई अनुदान प्रदान गर्न र उद्यमीहरुले अनुदान प्राप्त गर्न देहायबमोजिमका मापदण्डहरु पूरा गरेको हुनुपर्दछ-

**(क)** व्यवसायिक उद्योग वा कम्पनी गाऊँपालिकामा दर्ता भएर अनुदानको लागि निवेदन पेश गरेको वर्ष सम्म को करचुत्ता भएको, उद्योग/कम्पनी दर्ता नविकरण भएको हुनुपर्नेछ ।

**(ख)** उद्योग/कम्पनी गोकुलगंगा गाउँपालिका भन्दा बाहिरको ठेगानामा दर्ता भएको रहेछ भने सो को शाखा कार्यलय खोल्न गोकुलगंगा गाऊँपालिकाबाट नविकरण सहितको ईजाजत पत्र हुनुपर्ने ।

**(ग)** गाऊँपालिकाको वडा नं. १ देखि वडा नं. ६ अर्न्तगत खिम्ती-गर्जाङ्ग सडकमार्गको दायाँबायाँ ५०० मिटरको दुरीभित्र हुनुपर्नेछ । अन्य पर्यटकीय स्थलका होटलहरु पनि पर्यटकीय स्थलदेखि ५०० मिटर

दुरीको स्थानमा सञ्चालन भएको हुनुपर्नेछ ।

**(घ)** आरसिसि भवन निर्माण गरी ऐटेच बाथरुम सहितको होटल व्याबसाय सञ्चालन गर्ने व्याबसायीको लागि लागतमा १० देखि २५ प्रतिशतमा नबढने गरी अनुदान ६० लाख (वडा नं. १ देखि ६ सम्मको मूल सडकको दायाँ र बायाँ) बनेका होटललाई अनुदान दिइने छ ।

**(ङ)** ६ देखि ९ वटा सम्म ऐटेच वाथरुम भएको लाई रु. १० लाख सम्म अनुदान दिइने छ ।

**(च)** १० वटा भन्दा माथि ऐटेच वाथरुम भएको लाई रु. १५ लाख सम्म अनुदान दिइने ।

**(छ)** आफ्नै जमिनमा होटल भवन निर्माण गर्नेलाई प्राथमिकता दिइने ।

**(ज)** हाल होटल व्यवसाय गरिरहेका वा अतिथि सत्कार तालीम लिएकालाई प्राथमिकता दिइने छ ।

**(झ)** गाउँपालिकाको संस्कृति वा पहिचान झल्काउनेलाई प्राथमिकता दिइने छ ।

**(ञ)** आकर्षक होटल, बगैचा, पार्किङ, ईन्टरनेट, रेष्टुरा, कोठाको सजावट, बाथरुममा तातो चिसो पानी आउने लगायतको उत्कृष्टताको आधारमा प्राथमिकता दिइने छ ।

**(ट)** पान दर्ता भएका र गाँउपालिकामा व्यबसाय ईजाजत दर्ता गरेकालाई प्राथमिकता दिइने छ ।

**(ड)** होटलको होडिङ बोर्ड र होटलबाट जारी हुने वील र प्याकेटिङ/झोलामा गाउँपालिकाबाट अनुदान प्राप्त/सञ्चालित भन्ने उल्लेख गर्नुपर्ने छ ।

**(ठ)** यी सबै मापदण्ड पूरा गर्ने होटल व्यवसायिहरु बढी भएमो वार्षिक बजेटको सीमा भन्दा बढि अनुदान दावी गरेमा अनुदान अनुगमन, मूल्यांकन तथा सिफारिस समितिले यस मापदण्ड बमोजिमको प्रतिस्प्रर्धात्मक क्षमता र औचित्य एवं व्यहारिकता समेतका आधारमा निर्णय गर्नेछ ।

(२) अन्य मापदण्डहरु अनुदान वितरण सम्बन्धी सूचना प्रसारण तथा प्रकाशन गर्दा तोकिए बमोजिमको हुनेछ ।

## २३. पर्यटकीय पार्कको लागि अनुदानका मापदण्डहरु :

(१) यस अर्न्तगत रहेर काम गर्ने उद्यमीहरुलाई अनुदान प्रदान गर्न र उद्यमीहरुले अनुदान प्राप्त गर्न देहायबमोजिमका मापदण्डहरु पूरा गरेको हुनुपर्दछ ।

**(क)** व्यवसायिक उद्योग वा कम्पनी गाऊँपालिकामा दर्ता भएर अनुदानको लागि निवेदन पेश गरेको वर्ष सम्म को करचुत्ता भएको, उद्योग/कम्पनी दर्ता नविकरण भएको हुनुपर्नेछ ।

**(ख)** उद्योग/कम्पनी गोकुलगंगा गाउँपालिका भन्दा बाहीरको ठेगानामा दर्ता भएको रहेछ भने सो को शाखा कार्यलय खोल्न गोकुलगंगा गाऊँपालिकाबाट नविकरण सहितको ईजाजत पत्र हुनुपर्ने ।

**(ग)** दफा १० को उपदफा (१) को खण्ड (ग) बमोजिमका क्रियाकलाप गर्ने उद्योग/कम्पनीले न्यूनतम २० रोपनीमा पार्क फन पार्क सञ्चालन गरेको हुनुपर्नेछ ।

(२) अन्य मापदण्डहरु अनुदान वितरण सम्बन्धी सूचना प्रसारण तथा प्रकाशन गर्दा तोकिए बमोजिमको हुनेछ ।

## २४. बाखापालनमा अनुदानका मापदण्डहरु :

(१) यस अर्न्तगत रहेर काम गर्ने कृषक तथा उद्यमीहरुलाई अनुदान प्रदान गर्न र कृषक उद्यमीहरुले अनुदान प्राप्त गर्न देहायबमोजिमका मापदण्डहरु पूरा गरेको हुनुपर्दछ ।

**(क)** व्यवसायिक फार्म वा कम्पनी वा समूह गाऊँपालिकामा दर्ता भएर अनुदानको लागि निवेदन पेश गरेको वर्ष सम्म को करचुत्ता भएको, फार्म/कम्पनी/समूह दर्ता नविकरण भएको हुनुपर्नेछ ।

**(ख)** दफा ११ को उपदफा (१) को खण्ड (क) बमोजिमका बाखापालन गर्नेहरुले आधुनिक खोरमा कम्तीमा २५ वटा माऊ बाखा, व्याडको लागि उन्नत जातको बोका हुनुपर्नेछ ।

**(ग)** बाखापालनको लागि भुईं घाँस तथा डाले घाँस रोपेको हुनुपर्नेछ ।

**(घ)** दुईपटक भन्दा माथि अनुदान प्राप्त गर्नको लागि अघिल्लो खोरकोस्तर तथा बाखाको मात्रामा वृद्धि गरिएको हुनुपर्नेछ ।

**(ङ)** गाउँपालिकाबाट वितरण गरिने उन्नत जातको बोका वितरण कार्यक्रमको लागि पशुपक्षी पालक कृषक समूह वा फार्म दर्ता भएको हुनुपर्नेछ वा, सामुहिक रुपमा धेरै कृषकहरुलाई फाईदा पुग्ने

खालको हुनुपर्नेछ ।

(२) विपन्न तथा बिषेश बाख्रापालन विकास कार्यक्रम अर्न्तगत कृषक, कृषक समूहहरुलाई अनुदान स्वरुप बाख्राको पाठा पाठी, उन्नत जातको बोका वितरण, डाले तथा भुंई घाँसको बेर्ना वितरण जस्ता कार्यक्रमहरुमा अनुदान वितरणको लागि उपदफा (१) को खण्ड (क), (ख) र (ग) लागु हुनेछैन ।

(३) उपदफा १ को खण्ड (क), (ख) मा जे सुकै कुरा लेखिएको भएतापनि यस क्षेत्रको नमुना बाख्रापालक कृषकमा परेका बाख्रापालकहरुलाई व्यवसाय दर्ता नगरी सञ्चालन गरेको पाईएमा पनि अनुदान प्रदान गर्न सकिनेछ ।

(४) अन्य मापदण्डहरु अनुदान वितरण सम्बन्धी सूचना प्रसारण तथा प्रकाशन गर्दा तोकिए बमोजिमको हुनेछ ।

## २५. गाई, भैंसी तथा राँगा पालनमा अनुदानका मापदण्डहरु :

(१) यस अर्न्तगत रहेर काम गर्ने कृषक तथा उद्यमीहरुलाई अनुदान प्रदान गर्न र कृषक उद्यमीहरुले अनुदान प्राप्त गर्न देहायबमोजिमका मापदण्डहरु पूरा गरेको हुनुपर्दछ ।

**(क)** व्यवसायिक फार्म वा कम्पनी वा समूह गाऊँपालिकामा दर्ता भएर अनुदानको लागि निवेदन पेश गरेको वर्ष सम्म को करचुक्ता भएको, फार्म/कम्पनी/समूह दर्ता नविकरण भएको हुनुपर्नेछ ।

**(ख)** दफा ११ को उपदफा (१) को खण्ड (ख) बमोजिमका गाईभैंसी पालन गर्नेहरुले कम्तीमा ५ वटा दुध दुहुने गाई/भैंसी पालेको हुनुपर्नेछ । व्याडको लागि राँगा/गोरु (साँढे) हुनुपर्नेछ ।

**(ग)** भकारो सुधार कार्यक्रममार्फत अनुदान प्राप्त गर्न कृषकको गोठमा कम्तीमा २ वटा माउ भैसी/गाई हुनुपर्नेछ । साथै, कम्तीमा पाँच वर्ष देखि गाई/भैंसी पालन गरिरहेको हुनुपर्नेछ ।

**(घ)** गाईभैंसी पालनको लागि भुईं घाँस तथा डाले घाँस रोपेको हुनुपर्नेछ ।

**(ङ)** कम्तीमा ५ वटा गाई/भैंसी पाल्ने १ जना किसानलाई रु. १ लाख सम्म अनुदान दिइनेछ ।

**(च)** कम्तिमा आधा संख्याका भैसीले ३६५ दिन नै दूध दिने चक्रप्रणाली मिलाएर भैसी पालेकालाई प्राथमिकता दिइनेछ ।

**(छ)** दूध विक्रीको लागि डेरीसंग सम्पर्क भएका वा दूध विक्रीको सुनिश्चितताका लागि करार गरेकालाई प्राथमिकता दिइनेछ ।

**(ज)** कम्तिमा २ जनाले नियमित गोठालोका रुपमा काम गर्न सक्नेलाई प्राथमिकता दिइनेछ ।

**(झ)** भैसीको वीमा गरेकालाई प्राथमिकता दिइने छ ।

**(ञ)** ४ वटा भन्दा बढी राँगा पालन गर्ने ५ जना कृषकलाई १ लाख का दरले अनुदान दिइने छ ।

(ट) यी सबै मापदण्ड पूरा गर्ने राँगा पालन किसान ५ जना भन्दा बढिले अनुदान दावी गरेमा अनुदान अनुगमन, मुल्यांकन तथा सिफारिस समितिले औचित्य र व्यहारिकताका आधारमा निर्णय गर्नेछ ।

**(ठ)** गोवरग्यास प्लाण्ट वा कम्पोष्ट मलखाद बनाउनेलाई प्राथमिकता दिइने छ ।

**(ड)** दुईपटक भन्दा माथि अनुदान प्राप्त गर्नको लागि अघिल्लो खोरकोस्तर तथा गाई/भैंसीको मात्रामा वृद्धि गरिएको हुनुपर्नेछ ।

**(ढ)** पाँचवटा भन्दा बढी भैसीपालन गर्ने कृषकलाई मापदण्डको आधारमा अनुदान १ लाख दिइनेछ ।

(२) विपन्न तथा बिषेश गाई/भैंसीपालन विकास कार्यक्रम अर्न्तगत कृषक, कृषक समूहहरुलाई अनुदान स्वरुप गाई/भैंसीको बाछा बाछी/पांढा पाढी, उन्नत जातको साढे/राँगा वितरण, डाले तथा भुंई घाँसको बेर्ना वितरण जस्ता कार्यक्रमहरुको लागि उपदफा (१) को खण्ड (क), (ख) र (घ) लागु हुनेछैन ।

(३) उपदफा १ को खण्ड (क) मा जे सुकै कुरा लेखिएको भएतापनि यस क्षेत्रको नमुना गाई/भैंसीपालक कृषकमा परेका गाई/भैंसीपालक कृषकहरुलाई व्यवसाय दर्ता नगरी सञ्चालन गरेको पाईएमा पनि अनुदान प्रदान गर्न सकिनेछ ।

(४) अन्य मापदण्डहरु अनुदान वितरण सम्बन्धी सूचना प्रसारण तथा प्रकाशन गर्दा तोकिए बमोजिमको हुनेछ ।

(५) यी सबै मापदण्ड पूरा गर्ने ५ जना भन्दा भैसी/गाई पालन किसान बढिले अनुदान दावी गरेमा मुल्यांकन तथा सिफारिस समितिले औचित्य र व्यहारिकताका आधारमा निर्णय गर्नेछ ।

**२६. बंगुरपालनमा अनुदानका मापदण्डहरु :** (१) यस अर्न्तगत रहेर काम गर्ने कृषक तथा उद्यमीहरुलाई अनुदान प्रदान गर्न र कृषक उद्यमीहरुले अनुदान प्राप्त गर्न देहायबमोजिमका मापदण्डहरु पूरा गरेको हुनुपर्दछ -

**(क)** व्यवसायिक फार्म वा कम्पनी वा समूह गाऊँपालिकामा दर्ता भएर अनुदानको लागि निवेदन पेश गरेको वर्ष सम्म को करचुक्ता भएको, फार्म/कम्पनी/समूह दर्ता नविकरण भएको हुनुपर्नेछ।

**(ख)** दफा ११ को उपदफा (१) को खण्ड (ग) बमोजिमका बंगुर पालन गर्नेहरुले कम्तीमा ५ वटा बंगुरको माउ पालेको हुनुपर्नेछ। व्याडको लागि विर पनि पालेको हुनुपर्नेछ।

**(ग)** आधुनिक बंगुरको खोर निर्माण गरिएको हुनुपर्नेछ।

**(घ)** फार्म वा खोर राख्ने स्थानले बस्तीलाई असर नगर्नेलाई प्राथमिकता दिइने छ।

**(ङ)** बंगुरको दाना र सफाईमा अनुभवीलाई प्राथमिकता दिइने छ।

**(च)** प्रस्तावकले संभाव्यता अध्ययन पेश गर्नु पर्ने र अन्तर्वार्ता लिइने छ।

**(छ)** पान दर्ता भएका र पालिकामा व्यबसाय दर्ता गरेकालाई प्राथमिकता दिइने छ।

**(ज)** यी सबै मापदण्ड पूरा गर्ने १ भन्दा बढि फार्मले वार्षिक बजेटको सीमा भन्दा बढि अनुदान दावी गरेमा अनुदान अनुगमन, मूल्यांकन तथा सिफारिस समितिले यस मापदण्ड बमोजिमको प्रतिस्प्रर्धात्मक क्षमता र औचित्य एवं व्यहारिकता समेतका आधारमा निर्णय गर्नेछ।

(२) विपन्न तथा बिशेष बंगुरपालन विकास कार्यक्रम अर्न्तगत कृषक, कृषक समूहहरुलाई अनुदान स्वरुप बंगुरको पाठा पाठी, उन्नत जातको विर वितरण जस्ता कार्यक्रमहरुको लागि उपदफा (१) को खण्ड (क), (ख) र (ग) लागु हुनेछैन।

(३) उपदफा १ को खण्ड (क), (ख) र (ग) मा जे सुकै कुरा लेखिएको भएतापनि यस क्षेत्रको नमुना बंगुरपालक कृषकमा परेका बंगुरपालक कृषकहरुलाई व्यवसाय दर्ता नगरी सञ्चालन गरेको पाईएमा पनि अनुदान प्रदान गर्न सकिनेछ।

(४) अन्य मापदण्डहरु अनुदान वितरण सम्बन्धी सूचना प्रसारण तथा प्रकाशन गर्दा तोकिए बमोजिमको हुनेछ।

**२७. चौंरीपालन तथा चिज छुर्पि उत्पादनमा अनुदानका मापदण्डहरु :** (१) यस अर्न्तगत रहेर काम गर्ने कृषक तथा उद्यमीहरुलाई अनुदान प्रदान गर्न र कृषक उद्यमीहरुले अनुदान प्राप्त गर्न देहायबमोजिमका मापदण्डहरु पूरा गरेको हुनुपर्दछ -

**(क)** व्यवसायिक फार्म वा कम्पनी वा समूह गाऊँपालिकामा दर्ता भएर अनुदानको लागि निवेदन पेश गरेको वर्ष सम्म को करचुक्ता भएको, फार्म/कम्पनी/समूह दर्ता नविकरण भएको हुनुपर्नेछ।

**(ख)** दफा ११ को उपदफा (१) को खण्ड (घ) बमोजिमका चौरी पालन गर्नेहरुले कम्तीमा २५ वटा चौंरीहरु व्यवसायिक रुपमा पालेको हुनुपर्नेछ।

**(ग)** चौंरी खरिदमा खर्च हुनुपर्नेछ।

**(घ)** दुई पटक भन्दा बढी अनुदान प्राप्त गर्नको लागि चौंरी गोठस्तर र चौंरीको संख्यामा वृद्धी भएको हुनुपर्नेछ।

**(ङ)** चिज, छुर्पी उत्पादन मेसिन खरिद अनुदान १ जनालाई ३ लाख सम्म दिइने छ।

**(च)** अनुभवीलाई प्राथमिकता दिइने छ ।

**(छ)** कच्चा पदार्थ आफैसंग भएकालाई प्राथमिकता दिइने छ ।

**(ज)** गुणस्तरीय उत्पादन र प्याकेजिंग गर्न सक्नेलाई प्राथमिकता दिइने छ ।

**(झ)** यी सबै मापदण्ड पूरा गर्ने १ जना भन्दा बढिले अनुदान दावी गरेमा अनुगमन, मुल्यांकन तथा सिफारिस समितिले औचित्य र व्यहारिकताका आधारमा निर्णय गर्नेछ।

(२) उपदफा १ को खण्ड (क), (ख) र (ग) मा जे सुकै कुरा लेखिएको भएतापनि यस क्षेत्रको नमुना चौंरीपालक कृषकमा परेका चौंरीपालक कृषकहरुलाई व्यवसाय दर्ता नगरी सञ्चालन गरेको पाईएमा पनि अनुदान प्रदान गर्न सकिनेछ।

(३) अन्य मापदण्डहरु अनुदान वितरण सम्बन्धी सूचना प्रसारण तथा प्रकाशन गर्दा तोकिए बमोजिमको हुनेछ।

**२८. कुखुरापालनमा अनुदानका मापदण्डहरु :** (१) यस अर्न्तगत रहेर काम गर्ने कृषक तथा उद्यमीहरुलाई अनुदान

प्रदान गर्न र कृषक उद्यमीहरुले अनुदान प्राप्त गर्न देहायबमोजिमका मापदण्डहरु पूरा गरेको हुनुपर्दछ -

**(क)** व्यवसायिक फार्म वा कम्पनी वा समूह गाऊँपालिकामा दर्ता भएर अनुदानको लागि निवेदन पेश गरेको वर्ष सम्म को करचुत्ता भएको, फार्म/कम्पनी/समूह दर्ता नविकरण भएको हुनुपर्नेछ ।

**(ख)** दफा ११ को उपदफा (१) को खण्ड (ङ) बमोजिमका लेयर्स कुखुरा पालन गर्नेहरुले कम्तीमा ३०० वटा कुखुरा तथा पंक्षीका चल्लाहरु पालेको हुनुपर्नेछ ।

**(ग)** आधुनिक कुखुराको खोर निर्माण गरिएको हुनुपर्नेछ ।

**(घ)** दुई पटक भन्दा माथि अनुदान प्राप्त गर्नको लागि व्यवसायमा स्तरवृद्धि गरिएको हुनुपर्नेछ ।

**(ङ)** लोकल कुखुरापालन का लागि १० वटा पोथी, ५ वटा भाले र १०० वटा चल्ला भएको हुनुपर्नेछ ।

(२) विपन्न तथा बिषेश कुखुरापालन विकास कार्यक्रम अर्न्तगत कृषक, कृषक समूहहरुलाई अनुदान स्वरुप उन्नत जातको कुखुराको चल्लाहरु, भाले/पोथी वितरण जस्ता कार्यक्रमहरुको लागि उपदफा (१) को खण्ड (क), (ख) र (ग) लागु हुनेछैन ।

(३) उपदफा १ को खण्ड (क), (ख) र (ग) मा जे सुकै कुरा लेखिएको भएतापनि यस क्षेत्रको नमूना कुखुरापालक कृषकमा परेका कुखुरापालक कृषकहरुलाई व्यवसाय दर्ता नगरी सञ्चालन गरेको पाईएमा पनि अनुदान प्रदान गर्न सकिनेछ ।

(४) अन्य मापदण्डहरु अनुदान वितरण सम्बन्धी सूचना प्रसारण तथा प्रकाशन गर्दा तोकिए बमोजिमको हुनेछ ।

**२९. मौरी तथा रेशम किराको पालनमा अनुदानका मापदण्डहरु :** (१) यस अर्न्तगत रहेर काम गर्ने कृषक तथा उद्यमीहरुलाई अनुदान प्रदान गर्न र कृषक उद्यमीहरुले अनुदान प्राप्त गर्न देहायबमोजिमका मापदण्डहरु पूरा गरेको हुनुपर्दछ-

**(क)** व्यवसायिक फार्म वा कम्पनी वा समूह गाऊँपालिकामा दर्ता भएर अनुदानको लागि निवेदन पेश गरेको वर्ष सम्म को करचुत्ता भएको, फार्म/कम्पनी/समूह दर्ता नविकरण भएको हुनुपर्नेछ ।

**(ख)** दफा ११ को उपदफा (१) को खण्ड (च) बमोजिमका मौरीपालन गर्नेहरुको कम्तीमा २० घार मौरीहरु पालन गरिरहेको हुनुपर्नेछ ।

(२) विपन्न तथा बिषेश मौरी/रेशम किरा पालन विकास कार्यक्रम अर्न्तगत कृषक, कृषक समूहहरुलाई अनुदान स्वरुप मौरीको आधुनिक घार बनाउनु पर्नेछ ।

(३) अन्य मापदण्डहरु अनुदान वितरण सम्बन्धी सूचना प्रसारण तथा प्रकाशन गर्दा तोकिए बमोजिमको हुनेछ ।

**(ख)** दफा १३ को उपदफा (१) को खण्ड (च) बमोजिमका क्रियाकलाप गर्ने उद्योग/कम्पनीमा मासिक कम्तीमा रु. १००,००० (एक लाख) बराबरको स्थानीय स्तरमा प्राप्त हुने खसि, भैंसीराँगा, कुखुरा र बंगुरको मासुबाट प्रशोधन गरी ससेज लगायत उत्पादन गरी सोको कारोबार गरिरहेको हुनुपर्नेछ ।

**(ग)** उद्योग, उद्योगको वातावरण सफा, स्वस्थ र जिवाणुरहित हुनुपर्दछ र कर्मचारीले सुरक्षा तथा स्वच्छताको लागि प्रयोग गर्नुपर्ने पोशाक तथा उपकरणहरु प्रयोगको लागि एथेष्ठ व्यवस्था हुनुपर्नेछ

**(घ)** उद्योग सञ्चालनको लागि आवश्यक पर्ने अन्य निकायसँगको स्विकृतीको अवधी रहेको हुनुपर्नेछ ।

**(ङ)** वातारणमा प्रतिकुल असर नपारिएको, स्थानीय साँधसँधियारको स्विकृती रहेको हुनुपर्नेछ ।

**(च)** कम्तीमा पनि २ जनाले स्व/रोजगारीको अवसर प्राप्त गर्ने गरी उद्योग/कम्पनीको मुख्य कार्यालय यस गोकुलगंगा गाऊँपालिका भित्र भएकालाई प्राथमिकता दिईनेछ ।

**(छ)** कारोबारको प्रमाण स्वरुप उद्योगीहरुको पछिल्लो कारोबारका बिलबिजकलाई आधार मानिनेछ ।

**(ज)** ससेज उद्योग सञ्चालन गर्ने १ जना उद्योगीलाई अनुदान १० लाख सम्म दिन सकिने छ ।

**(झ)** प्रस्तावकले संभाव्यता अध्ययन पेश गर्नु पर्ने र अन्तर्वार्ता समेत लिइने छ ।

**(ञ)** पान दर्ता भएका र गाउँपालिकामा व्यबसाय दर्ता गरेकालाई प्राथमिकता दिइने छ ।

**(ट)** प्रचलित संघीय/प्रदेश कानून बमोजिम स्वीकृत लिनु पर्ने भए सम्बन्धित निकायको स्वीकृत लिएको हुनुपर्ने छ ।

**(ठ)** उद्योगको होडिङ बोर्ड र उद्योगबाट जारी हुने वील र प्याकेटिङ/झोलामा गाउँपालिकाबाट अनुदान प्राप्तको नाम उल्लेख हुनुपर्ने ।

**(ड)** यी सबै मापदण्ड पूरा गर्ने १ जना भन्दा बढिले अनुदान दावी गरेमा मुल्यांकन तथा सिफारिस समितिले औचित्य र व्यहारिकताका आधारमा निर्णय गर्नेछ ।

(२) अन्य मापदण्डहरु अनुदान वितरण सम्बन्धी सूचना प्रसारण तथा प्रकाशन गर्दा तोकिए बमोजिमको हुनेछ ।

**५०. मिनरल वाटर उद्योगमा अनुदानका मापदण्डहरु :** (१) यस अर्न्तगत रहेर काम गर्ने उद्यमीहरुलाई अनुदान प्रदान गर्न र उद्यमीहरुले अनुदान प्राप्त गर्न देहायबमोजिमका मापदण्डहरु पूरा गरेको हुनुपर्दछ -

**(क)** व्यवसायिक उद्योग वा कम्पनी गाऊँपालिकामा दर्ता भएर अनुदानको लागि निवेदन पेश गरेको वर्ष सम्म को करचुक्ता भएको र उद्योग/कम्पनी दर्ता नविकरण भएको हुनुपर्नेछ ।

**(ख)** दफा १३ को उपदफा (१) को खण्ड (छ) बमोजिमका क्रियाकलाप गर्ने उद्योग/कम्पनीमा मासिक कम्तीमा ५०,००० (पचास हजार) लिटर स्वस्थ र मापदण्ड अनुरुपको मिनरल वाटर उत्पादन गरी सोको कारोबार गरिरहेको हुनुपर्नेछ ।

**(ग)** उद्योग, उद्योगको वातावरण सफा, स्वस्थ र जिवाणुरहित हुनुपर्दछ र कर्मचारीले सुरक्षा तथा स्वच्छताको लागि प्रयोग गर्नुपर्ने पोशाक तथा उपकरणहरु प्रयोगको लागि एथेष्ठ व्यवस्था हुनुपर्नेछ

**(घ)** उद्योग सञ्चालनको लागि आवश्यक पर्ने अन्य निकायसँगको स्विकृतीको अवधी रहेको हुनुपर्नेछ ।

**(ङ)** वातारणमा प्रतिकुल असर नपारिएको, स्थानीय साँधसँधियारको स्विकृती रहेको र आउंदो जोखिम व्यवस्थापनको लागि पर्याप्त व्यवस्था स्वरुप जगेडा कोष बैंकको खातामा रहेको हुनुपर्नेछ ।

**(च)** कम्तीमा पनि ५ जनाले रोजगारीको अवसर प्राप्त गर्ने गरी उद्योग/कम्पनीको मुख्य कार्यलय यस

गोकुलगंगा गाऊँपालिका भित्र भएकालाई प्राथमिकता दिईनेछ।

**(छ)** कारोबारको प्रमाण स्वरुप उद्योगीहरुको पछिल्लो कारोबारका बिलबिजकलाई आधार मानिनेछ।

**(ज)** मिनेरल वाटर उद्योग सञ्चालन गर्ने १ जना उद्योगीलाई अनुदान २० लाख सम्म दिन सकिने छ

**(झ)** व्यबसाय संचालनमा अनुभव भएकालाई प्राथमिकता दिइने छ ।

**(ञ)** स्थानीय बजारको मांग पूरा गर्ने, मूल्य र गुणस्तरमा प्रतिस्प्रर्धी हुनेलाई प्राथमिकता दिइने छ ।

**(ट)** नेपाली बजारमा नौलो उत्पादनका रुपमा प्रस्तुत गर्न सक्नेलाई प्राथमिकता दिइने छ ।

**(ठ)** स्थानीयलाई रोजगारी दिनेलाई प्राथमिकता दिइने छ ।

**(ड)** पानीको गुणस्तर जाँच भई (IEE) संभाव्यता बिस्तृत अध्ययन पेश गर्नु पर्ने र अन्तर्वार्ता समेत लिइने छ।

**(ढ)** पान दर्ता भएका र गाउँपालिकामा व्यबसाय दर्ता गरेकालाई प्राथमिकता दिइने छ ।

**(ण)** प्रचलित संघीय/प्रदेश कानून बमोजिम स्वीकृत लिनु पर्ने भए सम्बन्धित निकायको स्वीकृत लिएको हुनुपर्ने छ।

**(त)** औद्योगिक संरचना र मेशिन खरिदमा अनुदान प्रयोग गर्नुपर्ने।

**(थ)** उद्योगको होडिङ बोर्ड र उद्योगबाट जारी हुने वील र प्याकेटिङ/झोलामा गाउँपालिकाबाट अनुदान प्राप्तको नाम उल्लेख हुनुपर्ने।

**(द)** यी सबै मापदण्ड पूरा गर्ने १ जना भन्दा बढि व्यक्तिले वार्षिक बजेटको सीमा भन्दा बढि अनुदान दावी गरेमा अनुदान अनुगमन, मूल्यांकन तथा सिफारिस समितिले यस मापदण्ड बमोजिमको प्रतिस्प्रर्धात्मक क्षमता र औचित्य एवं व्यहारिकता समेतका आधारमा निर्णय गर्नेछ।

(२) अन्य मापदण्डहरु अनुदान वितरण सम्बन्धी सूचना प्रसारण तथा प्रकाशन गर्दा तोकिए बमोजिमको हुनेछ।

**५१. मिल उद्योगका मापदण्डहरुः** : (१) यस अन्तर्गत रहेर काम गर्नको लागि देहाय बमोजिमका मापदण्डहरु पूरा हुनु पर्नेछ -

**(क)** दफा १३ उपदफा(१) को खण्ड (ज) बमोजिम को क्रियाकलापमा अनुदान प्राप्त गर्नको लागि मिल व्यवसाय संचालनको लागि कम्तीमा १० देखी १५ घर धुरीहरु हुनु पर्नेछ।

**(ख)** यस गाउँपालिकाबाट मिल व्यवसाय संचालनको लागि इजाजत पत्र लिएको हुनु पर्ने ।

**(ग)** पिसान मिलका लागि अनुदान ८ लाख ७५ हजार २५ जना सम्मलाई दिइने छ ।

**(घ)** १६ देखी १८ घरधुरी भएको टोललाई १ वटा पिसान मिल दिइने छ ।

**(ङ)** १० देखी १५ घरधुरी भएको टोलमा पिसान मिल नभएको हुनु पर्ने छ।

**(च)** व्यक्तिले ३०% लगानी गर्नुपर्ने छ।

**(छ)** व्यवसाय तथा उद्योग गाउँपालिकामा दर्ता हुनु पर्ने छ।

**(ज)** २५ वटा भन्दा बढी निवेदन प्राप्त भएमा अनुगमन, मुल्यांकन तथा सिफारिस समितिले निर्णय गर्नेछ ।

(२) अन्य मापदण्डहरु अनुदान वितरण सम्बन्धी सूचना प्रसारण तथा प्रकाशन गर्दा तोकिए बमोजिमको हुनेछ।

**५२. माछापालनमा अनुदानका मापदण्डहरु** : (१) यस अन्तर्गत रहेर काम गर्ने उद्यमीहरुलाई अनुदान प्रदान गर्न र उद्यमीहरुले अनुदान प्राप्त गर्न देहायबमोजिमका मापदण्डहरु पूरा गरेको हुनुपर्दछ -

**(क)** व्यवसायिक फार्म वा उद्योग वा कम्पनी गाऊँपालिकामा दर्ता भएर अनुदानको लागि निवेदन पेश गरेको वर्ष सम्म को करचुत्ता भएको र फार्म/उद्योग/कम्पनी दर्ता नविकरण भएको हुनुपर्नेछ।

**(ख)** दफा १४ बमोजिमका क्रियाकलाप गर्ने फार्म/उद्योग/कम्पनी पोखरी निर्माण गरी स्वस्थ रुपमा कम्तीमा ५,००० -पाँच हजार) वटा माछाका भुराहरु पालिरहेको हुनुपर्नेछ ।

**(ग)** उद्योग, उद्योगको वातावरण सफा, स्वस्थ र जिवाणुरहित हुनुपर्दछ र कर्मचारीले सुरक्षा तथा स्वच्छताको लागि प्रयोग गर्नुपर्ने पोशाक तथा उपकरणहरु प्रयोगको लागि एथेष्ठ व्यवस्था हुनुपर्नेछ

**(घ)** बजारीकरणको अध्ययन प्रतिवेदन हुनुपर्नेछ ।

**(ङ)** वातारणमा प्रतिकुल असर नपारिएको, स्थानीय साँधसँधियारको स्विकृतीको रहेको हुनुपर्नेछ ।

**(च)** कम्तीमा पनि २ जनाले रोजगारीको अवसर प्राप्त गर्ने गरी उद्योग/कम्पनीको मुख्य कार्यलय यस गोकुलगंगा गाउँपालिका भित्र भएकालाई प्राथमिकता दिईनेछ ।

**(छ)** प्रचलित संघीय/प्रदेश कानून बमोजिम स्वीकृत लिनु पर्ने भए सम्बन्धित निकायको स्वीकृत लिएको हुनुपर्ने छ ।

**(ज)** यी सबै मापदण्ड पूरा गर्ने पकेट क्षेत्रका कृषकलाई अनुदान अनुगमन, मूल्यांकन तथा सिफारिस समितिले यस मापदण्ड बमोजिमको प्रतिस्प्रर्धात्मक क्षमता र औचित्य एवं व्यहारिकता समेतका आधारमा निर्णय गर्नेछ **।**

(२) अन्य मापदण्डहरु अनुदान वितरण सम्बन्धी सूचना प्रसारण तथा प्रकाशन गर्दा तोकिए बमोजिमको हुनेछ ।

**५३. डाले घाँस उत्पादनमा अनुदानका मापदण्डहरु :** (१) यस अर्न्तगत रहेर काम गर्ने उद्यमीहरुलाई अनुदान प्रदान गर्न र उद्यमीहरुले अनुदान प्राप्त गर्न देहायबमोजिमका मापदण्डहरु पूरा गरेको हुनुपर्दछ-

**(क)** दफा १५ को उपदफा (१) को खण्ड (क) बमोजिमका अनुदान प्राप्त गर्नको लागि आफ्नो नाममा दर्ता रहेको कम्तीमा पाँच (५) रोपनी जमिनमा पशुपालनको लागि प्रयोगयोग्य डाले घाँसका बोटबिरुवाहरु वृक्षारोपन गरिएको हुनुपर्नेछ ।

**(ख)** बोटबिरुवा अविच्छिन्न (एउटै प्लटमा) रुपमा एकै कित्ताको जमिनमा रोपिएको हुनुपर्नेछ । (अर्थात, भिन्ना-भिन्नै जमिनमा रोपिएका बोटबिरुवा मापदण्डको गणनामा आउनेछैनन् ।)

**(ग)** वृक्षरोपण गरी कम्तीमा २ वर्ष कटेका डाले घाँसको रुखका लागिमात्र अनुदान प्रदान गरिने छ ।

(घ) डालेघाँस नर्सरी व्यवस्थापन अनुदान २ जनालाई डेढ लाखका दरले दिइने छ ।

(ङ) यस सम्बन्धी कामको अनुभव भएकालाई प्राथमिकता दिइने छ ।

(च) स्थानीय किसानको आवश्यकता र माग अनुसार नर्सरी संचालन गर्नेलाई प्राथमिकता दिइने छ ।

(छ) आम मानिसमा परिवर्तनको सन्देश दिन सक्नेलाई प्राथमिकता दिइने छ ।

(ज) नर्सरी सम्वन्धी संरचना र विउ खरिदमा अनुदान खर्च गरेको हुनुपर्ने ।

(झ) आफू बाहेक न्यूनतम १ जनालाई नियमित रोजगारी दिएको हुनुपर्ने ।

**(ञ)** प्रचलित संघीय/प्रदेश कानून बमोजिम स्वीकृत लिनु पर्ने भए सम्बन्धित निकायको स्वीकृत लिएको हुनुपर्ने छ ।

(ट) यी सबै मापदण्ड पूरा गर्ने १ जना भन्दा बढि व्यक्तिले वार्षिक बजेटको सीमा भन्दा बढि अनुदान दावी गरेमा अनुदान अनुगमन, मूल्यांकन तथा सिफारिस समितिले यस मापदण्ड बमोजिमको प्रतिस्प्रर्धात्मक क्षमता र औचित्य एवं व्यहारिकता समेतका आधारमा निर्णय गर्नेछ **।**

(२) अन्य मापदण्डहरु अनुदान वितरण सम्बन्धी सूचना प्रसारण तथा प्रकाशन गर्दा तोकिए बमोजिमको हुनेछ ।

**५४. काठ उत्पादनमा अनुदानका मापदण्डहरु :** (१) यस अर्न्तगत रहेर काम गर्ने उद्यमीहरुलाई अनुदान प्रदान गर्न र उद्यमीहरुले अनुदान प्राप्त गर्न देहायबमोजिमका मापदण्डहरु पूरा गरेको हुनुपर्दछ -

**(क)** दफा १५ को उपदफा (१) को खण्ड (ख) बमोजिमका अनुदान प्राप्त गर्नको लागि आफ्नो नाममा दर्ता रहेको कम्तीमा ५ (पाँच) रोपनी जमिनमा काठ उत्पादनको लागि प्रयोगयोग्य रुखका बोटबिरुवाहरु वृक्षारोपण गरिएको हुनुपर्नेछ ।

**(ख)** बोटबिरुवा अविच्छिन्न (एउटै प्लटमा) रुपमा एकै कित्ताको जमिनमा रोपिएको हुनुपर्नेछ । (अर्थात, भिन्ना-भिन्नै जमिनमा रोपिएका बोटबिरुवा मापदण्डको गणनामा आउनेछैनन् ।)

(ग) वृक्षरोपण गरी कम्तीमा २ वर्ष कटेका रुखहरुका लागि मात्र अनुदान प्रदान गरिने छ ।

(घ) प्रचलित संघीय/प्रदेश कानून बमोजिम स्वीकृत लिनु पर्ने भए सम्बन्धित निकायको स्वीकृत लिएको हुनुपर्ने छ ।

(२) अन्य मापदण्डहरु अनुदान वितरण सम्बन्धी सूचना प्रसारण तथा प्रकाशन गर्दा तोकिए बमोजिमको हुनेछ ।

**५५. बेरोजगार युवा व्यवस्थापनमा अनुदानका मापदण्डहरु :** (१) यस अर्न्तगत रहेर काम गर्ने उद्यमीहरुलाई अनुदान प्रदान गर्न र उद्यमीहरुले अनुदान प्राप्त गर्न देहायबमोजिमका मापदण्डहरु पूरा गरेको हुनुपर्दछ -

(क) दफा १६ बमोजिमका अनुदान प्राप्त गर्नको लागि सिप भएर पनि बेरोजगार रहेका युवाको लागि गाउँपालिकाको बेरोजगार व्यक्तिको सुचीमा नामाकरण गरिकालाई प्राथमिकता दिईने छ ।

(ख) वैदेशिक रोजगारबाट फर्किएका युवाको हकमा आफूले विदेशमा रहंदा गरेको काम गाऊँपालिका भित्रै रहेर गर्न मन्जुर गरेको हुनुपर्नेछ । यसका लागि वैदेशिक रोजगारदाताले प्रदान गरेको कम्तीमा दुई वर्षको श्रम ईजाजत (भिसा) र पासपोर्टको प्रतिलिपि सँलग्न गरी तोकिएको ढाँचामा आवेदन फाराम भरेको हुनुपर्नेछ ।

(ग) सीप नभएका युवाको लागि गाऊँपालिका तथा प्रदेश तथा संघको तर्फबाट सँचालित स्वरोजगार कार्यक्रममा भाग लिएको हुनुपर्नेछ ।

(घ) खण्ड (ग) मा अनुपस्थित तथा उमेर नपुगेका तर हाल आएर उपस्थित तथा उमेरको हद पुगेकाको हकमा गाऊँपालिकाद्धारा संकलन गरिने बेरोजगार युवाको सुचीमा समावेश गरिनु पर्नेछ ।

(ङ) शिक्षित बेरोजगार युवाको हकमा आफुले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

(च) बैदेशिक रोजगारीबाट फर्किएका ४ जनालाई सिपको आधारमा काम गर्ने गरी प्रति व्यक्ति २ लाखका दरले अनुदान दिइने छ ।

(छ) चार जनालाई २ लाखका दरले अनुदान दिइने छ ।

(ज) स्थानीय कच्चा पदार्थको प्रयोग, स्वरोजगार, सीपको प्रयोग, अरुलाई पनि सहभागी गराउने क्षमता, स्थानीय बजारको मागको आपूर्ति गर्नेलाई प्राथमिकता दिइने छ ।

(झ) उपलब्ध सीप र कार्ययोजनाको प्रस्ताव माग गर्ने ।

(ञ) ३० देखि ५० वर्ष उमेर समूहको पुरुषलाई प्रदान गरिने

(ट) यी सबै मापदण्ड पूरा गर्ने ४ जना भन्दा बढि उद्योगीले वार्षिक बजेटको सीमा भन्दा बढि अनुदान दावी गरेमा अनुदान अनुगमन, मूल्यांकन तथा सिफारिस समितिले यस मापदण्ड बमोजिमको प्रतिस्प्रर्धात्मक क्षमता र औचित्य एवं व्यहारिकता समेतका आधारमा निर्णय गर्नेछ ।

(२) अन्य मापदण्डहरु अनुदान वितरण सम्बन्धी सूचना प्रसारण तथा प्रकाशन गर्दा तोकिए बमोजिमको हुनेछ ।

**५६. पुस्तकालय तथा अध्ययन केन्द्रमा अनुदानका मापदण्डहरु :** (१) यस अर्न्तगत रहेर काम गर्ने उद्यमीहरुलाई अनुदान प्रदान गर्न र उद्यमीहरुले अनुदान प्राप्त गर्न देहायबमोजिमका मापदण्डहरु पूरा गरेको हुनुपर्दछ -

(क) दफा १७ बमोजिमको क्रियाकलापमा अनुदान प्राप्त गर्नको लागि पुस्ताकालय सञ्चालन भैरहेको हुनुपर्नेछ ।

(ख) उक्त पुस्ताकलय सञ्चालनको कार्यविधि बनेको हुनुपर्नेछ ।

(ग) पुस्ताकालयमा कम्तीमा १०,००० (दश हजार) वटा पुस्तकहरु उपलब्ध रहेको हुनुपर्नेछ ।

(घ) पुस्ताकालय सञ्चालन गर्ने घर वा स्थान भाडाको हुनुहुदैन ।

(ङ) उक्त पुस्ताकलयमा कम्तीमा पनि ५० (पचास) जना पुर्णकालिन सदस्यहरु हुनुपर्नेछ ।

(च) यस क्षेत्रमा प्रदान गरिने अनुदान पुस्तक खरिद, पुस्ताकालयको फर्निचरहरु को मर्मत तथा नयाँ खरिद वा पुस्ताकालयको स्तरवृद्धि कार्य गर्नको लागि मात्र प्रयोग गर्न पाईनेछ ।

(२) अन्य मापदण्डहरु अनुदान वितरण सम्बन्धी सूचना प्रसारण तथा प्रकाशन गर्दा तोकिए बमोजिमको हुनेछ ।

**५७. कन्चनदुध डेरी व्यबस्थापन अनुदान चुचुरेलाई, रु ४ लाख रकम बिनियोजित छ ।**

(१) यस अर्न्तगत रहेर काम गर्ने उद्यमीहरुलाई अनुदान प्रदान गर्न र उद्यमीहरुले अनुदान प्राप्त गर्न देहाय बमोजिमका मापदण्डहरु पूरा गरेको हुनुपर्दछ -

**(क)** १ जना उद्योगीलाई ४ लाख अनुदान दिइने छ ।
**(ख)** स्थानीय दूध खरिद गरी प्रशोधित दूध स्थानीय तहमै विक्री गर्नेलाई प्राथमिकता दिइने छ ।
**(ग)** डेरीको गुणस्तरीय उत्पादनका आधारमा प्राथमिकता दिइने छ ।
**(घ)** व्यवसायिक फार्म वा उद्योग वा कम्पनी गाऊँपालिकामा दर्ता भएर अनुदानको लागि निवेदन पेश गरेको वर्ष सम्म को करचुत्ता भएको र फार्म/उद्योग/कम्पनी दर्ता नविकरण भएको हुनुपर्नेछ ।
**(ङ)** प्रचलित संघीय/प्रदेश कानून बमोजिम स्वीकृत लिनु पर्ने भए सम्बन्धित निकायको स्वीकृत लिएको हुनुपर्ने छ ।
**(च)** यी सबै मापदण्ड पूरा गर्ने १ जना भन्दा बढिले अनुदान दावी गरेमा अनुगमन, मुल्यांकन तथा सिफारिस समितिले औचित्य र व्यहारिकताका आधारमा निर्णय गर्नेछ ।

(२) अन्य मापदण्डहरु अनुदान वितरण सम्बन्धी सूचना प्रसारण तथा प्रकाशन गर्दा तोकिए बमोजिमको हुनेछ ।

**५८. सिताके च्याउको व्याबसायिक खेती गर्ने किसान १ जनालाई अनुदान मापदण्डको आधारमा ५ लाख अनुदान दिने रकम बिनियोजित छ ।**

(१) यस अर्न्तगत रहेर काम गर्ने उद्यमीहरुलाई अनुदान प्रदान गर्न र उद्यमीहरुले अनुदान प्राप्त गर्न देहायबमोजिमका मापदण्डहरु पूरा गरेको हुनुपर्दछ ।

**(क)** व्यवसायिक फार्म वा उद्योग वा कम्पनी गाऊँपालिकामा दर्ता भएर अनुदानको लागि निवेदन पेश गरेको वर्ष सम्म को करचुत्ता भएको र फार्म/उद्योग/कम्पनी दर्ता नविकरण भएको हुनुपर्नेछ ।
**(ख)** एकजना व्यवसायिलाई ५ लाख अनुदान दिइने छ ।
**(ग)** कम्तिमा ३ जना नियमित कामदार हुनुपर्ने छ ।
**(घ)** प्याकेजिंग, लेवलिंग र वजारको सुनिश्चितता भएकालाई प्राथमिकता दिइने छ ।
**(ङ)** प्राबिधिक ज्ञान भएका वा कम्तिमा एक सिजन वा एक लटको उत्पादनको अनुभव भएकालाई प्राथमिकता दिइने छ ।
**(च)** व्यवसायको होडिङ बोर्ड र व्यवसायबाट जारी हुने वील र प्याकेटिङ/झोलामा गाउँपालिकाबाट अनुदान प्राप्तको नाम उल्लेख हुनुपर्ने छ ।
**(छ)** यी सबै मापदण्ड पूरा गर्ने १ जना भन्दा बढिले अनुदान दावी गरेमा अनुगमन, मुल्यांकन तथा सिफारिस समितिले औचित्य र व्यहारिकताका आधारमा निर्णय गर्नेछ ।

(२) अन्य मापदण्डहरु अनुदान वितरण सम्बन्धी सूचना प्रसारण तथा प्रकाशन गर्दा तोकिए बमोजिमको हुनेछ ।

**५९. पाउरोटी उद्योग सञ्चालन गर्ने २ जना उद्योगीलाई अनुदान ५ लाख विनियोजित छ ।**

(१) यस अर्न्तगत रहेर काम गर्ने उद्यमीहरुलाई अनुदान प्रदान गर्न र उद्यमीहरुले अनुदान प्राप्त गर्न देहायबमोजिमका मापदण्डहरु पूरा गरेको हुनुपर्दछ ।

**(क)** व्यवसायिक फार्म वा उद्योग वा कम्पनी गाऊँपालिकामा दर्ता भएर अनुदानको लागि निवेदन पेश गरेको वर्ष सम्म को करचुत्ता भएको र फार्म/उद्योग/कम्पनी दर्ता नविकरण भएको हुनुपर्नेछ ।
**(ख)** २ जनालाई अढाई लाखको दरले अनुदान दिइने छ ।
**(ग)** स्थानीय कच्चा पदार्थको प्रयोग गरी स्थानीय तहमै खपत (विक्री) गर्नेलाई प्राथमिकता दिइने छ ।
**(घ)** कार्य अनुभवी वा तालीम प्राप्तलाई प्राथमिकता दिइने छ ।

**(ङ)** तोकिएको मापदण्ड पूरा गरी उपभोक्ता संरक्षणसम्बन्धी कानून बमेजिम उत्पादन गरी बिक्री गर्नेलाई प्राथमिकता दिइने छ ।

**(च)** खाद्यान्न प्रशोधन सम्वन्धी उद्योग दर्ताको प्रमाण पत्र भएको हुनुपर्ने छ।

**(छ)** न्यूनतम २ जनालाई नियमित रोजगारी दिएको हुनुपर्ने छ।

**(ज)** अनुदान रकम यन्त्रउपकरण खरिदमा खर्च भएको हुनुपर्ने छ।

**(झ)** उद्योगको होडिङ बोर्ड र उद्योगबाट जारी हुने वील र प्याकेटिङ/झोलामा गाउँपालिकाबाट अनुदान प्राप्तको नाम उल्लेख हुनुपर्ने।

**(ञ)** व्यवसाय सञ्चालन गर्दा वातावरण मैत्री तथा उद्योग भित्र सफासुगर, स्वस्थ र ताजा हुनुपर्ने छ।

**(ट)** यी सबै मापदण्ड पूरा गर्ने २ जना भन्दा बढिले अनुदान दावी गरेमा अनुगमन, मुल्यांकन तथा सिफारिस समितिले औचित्य र व्यहारिकताका आधारमा निर्णय गर्नेछ।

(२) अन्य मापदण्डहरु अनुदान वितरण सम्बन्धी सूचना प्रसारण तथा प्रकाशन गर्दा तोकिए बमोजिमको हुनेछ।

**६०. अचार उद्योग सञ्चालन गर्ने १ जना उद्योगीलाई अनुदान १ लाख विनियोजित छ।**

(१) यस अर्न्तगत रहेर काम गर्ने उद्यमीहरुलाई अनुदान प्रदान गर्न र उद्यमीहरुले अनुदान प्राप्त गर्न देहाय बमोजिमका मापदण्डहरु पूरा गरेको हुनुपर्दछ ।

**(क)** व्यवसायिक फार्म वा उद्योग वा कम्पनी गाऊँपालिकामा दर्ता भएर अनुदानको लागि निवेदन पेश गरेको वर्ष सम्म को करचुत्ता भएको र फार्म/उद्योग/कम्पनी दर्ता नविकरण भएको हुनुपर्नेछ।

**(ख)** १ जना उद्योगीलाई १ लाख सम्म अनदान दिइने छ ।

**(ग)** कार्य अनुभव भएको वा तालीम लिएकालाई प्राथमिकता दिइने छ ।

**(घ)** कच्चा पदार्थ स्थानीय तहबाटै संकलन गर्नेलाई प्राथमिकता दिइने छ ।

**(ङ)** तोकिएको मापदण्ड अनुरुप सिसिमा प्याकेजिंग गर्नेलाई प्राथमिकता दिइने छ ।

**(च)** उद्योग संरचना र मेसिन खरिदमा अनुदान रकम खर्च भएको हुनुपर्ने छ।

**(छ)** व्यवसाय सञ्चालन गर्दा वातावरण मैत्री तथा उद्योग भित्र सफासुगर, स्वस्थ र ताजा हुनुपर्ने छ।

**(ज)** यी सबै मापदण्ड पूरा गर्ने १ जना भन्दा बढिले अनुदान दावी गरेमा अनुगमन, मुल्यांकन तथा सिफारिस समितिले औचित्य र व्यहारिकताका आधारमा निर्णय गर्नेछ।

(२) अन्य मापदण्डहरु अनुदान वितरण सम्बन्धी सूचना प्रसारण तथा प्रकाशन गर्दा तोकिए बमोजिमको हुनेछ।

**६१. जुस उद्योग सञ्चालन अनुदान मापदण्ड :**

(१) यस अर्न्तगत रहेर काम गर्ने उद्यमीहरुलाई अनुदान प्रदान गर्न र उद्यमीहरुले अनुदान प्राप्त गर्न देहाय बमोजिमका मापदण्डहरु पूरा गरेको हुनुपर्दछ ।

**(क)** व्यवसायिक फार्म वा उद्योग वा कम्पनी गाऊँपालिकामा दर्ता भएर अनुदानको लागि निवेदन पेश गरेको वर्ष सम्म को करचुत्ता भएको र फार्म/उद्योग/कम्पनी दर्ता नविकरण भएको हुनुपर्नेछ।

**(ख)** १ जना उद्योगीलाई ३ लाख सम्म अनुदान दिइने छ।

**(ग)** आफ्नै वागवानी फार्म वा फलफूलको खेती भएकालाई प्राथमिकता दिइने छ ।

**(घ)** फलफूल खरिद गर्ने वा संकलन गर्ने गरी करार संझौता गरेकालाई प्राथमिकता दिइने छ ।

**(ङ)** गाउँपालिकाभित्र फ्रेस जूस विकी गर्ने र वोतलमा प्याक गर्नेलाई प्राथमिकता दिइने छ ।

**(च)** ३६५ दिन नै उद्योग संचालनको योजना भएको वा कोल्डस्टोर भएकालाई प्राथमिकता दिइने छ ।

**(छ)** व्यवसाय सञ्चालन गर्दा वातावरण मैत्री तथा उद्योग भित्र सफासुगर, स्वस्थ र ताजा हुनुपर्ने छ।

(ज) उद्योग संरचना र मेसिन खरिदमा अनुदान रकम खर्च भएको हुनुपर्ने छ ।

(झ) यी सबै मापदण्ड पूरा गर्ने १ जना भन्दा बढिले अनुदान दावी गरेमा अनुदान अनुगमन, मुल्यांकन तथा सिफारिस समितिले औचित्य र व्यहारिकताका आधारमा निर्णय गर्नेछ

(२) अन्य मापदण्डहरु अनुदान वितरण सम्बन्धी सूचना प्रसारण तथा प्रकाशन गर्दा तोकिए बमोजिमको हुनेछ ।

## ६२. आलु र सेतो सिमी अनुदान मापदण्ड :

(१) यस अर्न्तगत रहेर काम गर्ने उद्यमीहरुलाई अनुदान प्रदान गर्न र उद्यमीहरुले अनुदान प्राप्त गर्न देहाय बमोजिमका मापदण्डहरु पूरा गरेको हुनुपर्दछ ।

(क) आलु र सेतो सिमी ३० रोपनी भन्दा माथि बाँजो जमिन हुनुपर्ने, किसान/कृषक समूह/ निजि फर्म/कृषि सहकारीलाई अनुदान ३० लाख (खर्सुबास, बिगु, ठोसे, बिरौटा, झोरेनी, खोलाखर्क, लिसेभन्दा माथि, नोप्रा) लाई दिने अनुदान रकम दिइने छ । साथै अन्य बाझो जमिन भएको कृषक हरुलाई अनुदान दिन सकिनेछ ।

(ख) १ रोपनी बराबर ३ हजार का दरले जना किसान/कृषक समूह/ निजि फर्म/कृषि सहकारीलाई रु. ३० लाख अनुदान दिइने छ ।

(ग) तोकिएको स्थानका किसानलाई मात्रै दिन सकिने ।

(घ) ५ वर्षको व्यावसायिक खेतीको अनुभव हुनुपर्ने ।

(ङ) उन्नत जातको वीऊ, गोडमेल, जैविक विषदी र मलको उपयोग गर्नेलाई प्राथमिकता दिइने छ ।

(च) ५० रोपनी जमिनको एउटै सांध सिमाना भएकालाई प्राथमिकता दिने ।

(छ) प्राबिधिक ज्ञानको प्रमाणपत्र भएका वा व्यावसायिक खेतीको अनुभव हुनुपर्ने ।

(ज) प्रस्तावकले बिस्तृत संभाव्यता अध्ययन पेश गर्नु पर्ने र फिल्ड भेरिफिकेशन गरिएको र अन्तर्वार्ता लिइने छ ।

(झ) व्यवसायिक फार्म वा उद्योग वा कम्पनी गाऊँपालिकामा दर्ता भएर अनुदानको लागि निवेदन पेश गरेको वर्ष सम्म को करचुत्ता भएको र फार्म/उद्योग/कम्पनी दर्ता नविकरण भएको हुनुपर्नेछ ।

(ञ) जग्गा भाडामा लिएको भए सम्झौता र लालपुर्जाको प्रतिलिपि हुनुपर्ने छ ।

(ट) व्यवसायिक फार्म वा उद्योग वा कम्पनी गाऊँपालिकामा दर्ता भएर अनुदानको लागि निवेदन पेश गरेको वर्ष सम्म को करचुत्ता भएको र फार्म/उद्योग/कम्पनी दर्ता नविकरण भएको हुनुपर्नेछ ।

(ठ) यी सबै मापदण्ड पूरा गर्ने किसान/कृषक समूह/ निजि फर्म/कृषि सहकारीलाई अनुगमन, मुल्यांकन तथा सिफारिस समितिले औचित्य र व्यहारिकताका आधारमा निर्णय गर्नेछ ।

(२) अन्य मापदण्डहरु अनुदान वितरण सम्बन्धी सूचना प्रसारण तथा प्रकाशन गर्दा तोकिए बमोजिमको हुनेछ ।

## ६३. टनेला निर्माण गरी गोलभेडा खेती गर्ने कृषकलाई अनुदान ।

(१) यस अर्न्तगत रहेर काम गर्ने उद्यमीहरुलाई अनुदान प्रदान गर्न र उद्यमीहरुले अनुदान प्राप्त गर्न देहाय बमोजिमका मापदण्डहरु पूरा गरेको हुनुपर्दछ ।

(क) व्यवसायिक फार्म वा उद्योग वा कम्पनी गाऊँपालिकामा दर्ता भएर अनुदानको लागि निवेदन पेश गरेको वर्ष सम्म को करचुत्ता भएको र फार्म/उद्योग/कम्पनी दर्ता नविकरण भएको हुनुपर्नेछ ।

(ख) ५ वटा भन्दा बढी टनेल निर्माण गरी गोलभेडा खेती गर्ने किसानलाई प्रति किसान ५० हजारको दरले अनुदान दिइने छ ।

(ग) अनुभवीलाई प्राथमिकता दिइने छ ।

(घ) कच्चा पदार्थ आफैसंग भएकालाई प्राथमिकता दिइने छ ।

(ङ) गुणस्तरीय उत्पादन र प्याकेजिंग गर्न सक्नेलाई प्राथमिकता दिइने छ ।

(च) यी सबै मापदण्ड पूरा गर्ने १ जना भन्दा बढि व्यक्तिले वार्षिक बजेटको सीमा भन्दा बढि अनुदान दावी गरेमा अनुदान अनुगमन, मूल्याङकन तथा मूल्यांकन समितिले यस मापदण्ड बमोजिमको प्रतिस्प्रर्धात्मक क्षमता र औचित्य एवं व्यहारिकता समेतका आधारमा निर्णय गर्नेछ ।

(२) अन्य मापदण्डहरु अनुदान वितरण सम्बन्धी सूचना प्रसारण तथा प्रकाशन गर्दा तोकिए बमोजिमको हुनेछ ।

**६४. दोहोरो अनुदान प्राप्त गर्न नपाईने :**

(१) एकै व्यक्ति, फार्म, कम्पनी वा कृषक समूहले एकै वर्षमा एक भन्दा बढी क्षेत्रको अनुदान गोकुलगंगा गाउँपालिकाबाट प्राप्त गर्न पाउने छैन ।

*स्पष्टिकरण : समावेशी र समान अवसर प्रदान गर्ने हेतुले उपदफा (१) मा एक क्षेत्र को अर्थ दफा ९, १०, ११, १२, १३, १४, १५, १६ र १७ को क्षेत्रहरुमा कुनै एक क्षेत्रमा मात्र एक वर्षमा एक व्यक्ति/फार्म/कम्पनी/समूहले अनुदान प्राप्त गर्न सक्नेछ । उदाहरणको लागि कृषि क्षेत्रमा र पर्यटन तथा होटल व्यवसाय दुवैमा निवेदन दिएका निवेदकले कुनै एक क्षेत्रमा मात्र गाउँपालिकाबाट अनुदान प्राप्त गर्नेछ ।*

(२) प्रदेश तथा संघीय सरकार, अन्य निकायहरुमार्फत अनुदान प्राप्त गरिरहेको अवस्थाका व्यक्ति, फार्म, कम्पनी वा कृषक समूहहरुको व्यवसायिक क्षेत्रहरुमा गोकुलगंगा गाउँपालिकामार्फत अनुदान प्रदान गरिनेछैन ।

(३) उपदफा (२) मा जेसुकै कुरा लेखिएको भएता पनि गाउँपालिकासँगको साझेदारी अनुदानमा सञ्चालन भएका व्यक्ति फार्म, कम्पनी र समूहहको उद्यम तथा कार्यक्रमहरुमा उपदफा (२) लागु हुने छैन ।

## परिच्छेद- ५
## अनुदान अनुगमन, मुल्यांकन तथा सिफारिस समिति

**६५. अनुदान अनुगमन, मुल्यांकन तथा सिफारिस समिती रहने :** (१) गाउँपालिकाद्धारा प्रदान गरिने नगदी, प्राविधिक र जिन्सी लगायत समस्त अनुदानहरुको अनुगमन गरी अनुदानको प्रभावकारिता मुल्यांकन गर्न र सोको सिफारिस गर्न गोकुलगंगा गाउँपालिकामा अनुदान अनुगमन, मुल्यांकन तथा सिफारिस समिती गठन गरिने छ ।

(२) यस कार्यविधिको प्रभावकारिता, अनुदानको उच्च लाभ प्राप्त र गलत क्षेत्रमा प्रवाह भएका अनुदानहरुको समयमै पहिचान गरी प्रभावकारी कदम चाल्न तथा परिच्छेद ४ बमोजिम उल्लेखित क्षेत्रमा अनुदान प्रदान गर्न उपदफा (१) बमोजिम गठन हुने समितीको संयोजक, तथा समिती सदस्यहरुको गठन देहायबमोजिम हुने छ ।

(क) गाउँपालिका अध्यक्ष - संयोजक

(ख) उपाध्यक्ष - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) सम्बन्धित वडाको वडाध्यक्ष - सदस्य

(ङ) योजना तथा अनुगमन शाखा प्रमुख - सदस्य

(च) गोकुलगंगा गाउँकार्यपालिकाले तोकेको १ जना कार्यपालिका सदस्य- सदस्य

(छ) सम्बन्धित शाखा प्रमुख- सदस्य सचिव

(३) उपदफा (२) बमोजिमको समिति गठन गर्दा २ जना सम्म आमन्त्रित सल्लाहकार सदस्य आमन्त्रण गर्न सकिनेछ

।

**६६. समितीको काम, कर्तव्य र अधिकारहरु :** (१) दफा ६५ को उपदफा (२) बमोजिम गठन भएको समितीको काम, कर्तव्य र अधिकारहरु यस कार्यविधिको अधिनमा रही अनुदानको अनुगमन, मुल्यांकन र सिफारिस गर्ने रहेको छ ।

(२) उपदफा (१) बमोजिमको काम गर्नको लागि कार्यक्रमहरु तय गर्ने, पुर्व सूचना सहित वा सूचना बिना अनुदान प्राप्त गरेका वा प्राप्त गर्न आवेदन भरेका सेवाग्राहीहरुको व्यवसाय, उद्यम स्थलको स्थलगत अनुगमन गर्ने काम, कर्तव्य र अधिकारहरु समितीमा रहने छ ।

(३) उपदफा (१) र (२) बमोजिम काम गर्दा प्राप्त जानकारीहरु अनुसुची (२) को फारामको ढाँचामा तयार गरी गाउँपालिकाको कार्यलयमा बुझाउने काम, कर्तव्य र अधिकार रहने छ ।

(४) अनुदानहरुको अभिलेखहरु तोकिएको ढाँचामा भरी विवरणहरु अभिलेख गरी राख्न कागजातहरु, विवरणहरु र निर्णयहरु सम्बन्धीत शाखा वा कर्मचारीलाई प्रदान गर्ने कामहरु समितिको हुनेछ ।

(५) अनुदानको पारदर्शिताका लागि सार्बजनिक सूचना प्रकाशित गर्ने ।

(६) प्राप्त प्रस्ताव वा निबेदनलाई सर्टलिष्ट गर्ने ।

(७) प्रतिस्प्रर्धाको अतिरिक्त उपयुक्तता, व्यबहारिकता र औचित्यताका आधारमा अनुदान पाउनेहरुको पहिचान गर्ने

(८) संभव भएसम्म दश लाख र सो माथिको अनुदानमा अनुदान रकम यन्त्र, उपकरण, मेशिन खरिद वा कुनै ठोस पूर्बाधार निर्माणमा खर्चिने, कूल लगानीको अनुपातमा २० प्रतिशतसम्म अनुदान दिने, कम्तिमा ५ वर्ष उद्योग व्यवसाय संचालन गर्ने पूर्ण प्रत्याभूति भएको हुनुपर्ने ।

(९) एउटै व्यक्ति, फार्म, कम्पनी वा समूहलाई एकभन्दा बढि क्षैत्रको अनुदान दोहोरो गरी प्राप्त नहुने प्रबन्ध गर्ने

**६७. समितीको पुर्नगठन तथा काम, कर्तव्य र अधिकारहरु संशोधन हुने :** (१) दफा ६५ बमोजिम गठित समितीको सदस्यहरुको पुर्नगठन गाउँ कार्यपालिकाले गर्न सक्ने छ ।

## परिच्छेद- ६
## अनुदानको दुरुपयोग गर्नेलाई हुने सजाय

**६८. हदैसम्मको कारबाही हुने :** (१) अनुदान प्राप्त गर्नको लागि झुटो कागजातहरु, विवरण दिएर गाउँपालिकालाई झुक्याएको, झुक्याउन खोजेको वा झुक्याउन लगाएको पाईएमा निजहरुलाई हदै सम्म कानुनी सजाय हुनेछ ।

(२) उपदफा (१) अनुसारको कसुर प्रमाणित भएमा कसुरदारलाई कानुनी दायरामा ल्याउने अधिकार कार्य समितीको हुनेछ भने सो कार्यको लागि समितीले स्थानीय प्रशासन वा प्रहरीको सहायोग लिने छ ।

**६९. अनुदान प्राप्त गर्न रोक लगाईने :** (१) दफा ६८ अनुसार कसुरदार ठहरिएको सेवाग्राहीलाई वा सेवाग्राहीको नाममा रहेको फार्म, कम्पनी वा समूहसमेतलाई समितीको सिफारिसमा गाउँपालिकाले कुनै पनि क्षेत्रको अनुदान प्राप्त गर्न दुई वर्षसम्म रोक लगाउने निर्णय गाउँपालिकाले गर्न सक्नेछ ।

(२) उपदफा (१) अनुसारको सजाय भुक्तान पश्चात पुनः सोही व्यक्ति, फार्म, कम्पनी वा समूहले पुनः दफा ६८ को कार्य गरेमा निजलाई प्रदान गरिएको अनुदान सहित बिगो भराई कसुरदार सेवाग्राहीबाट सरकारी बाँकी सरह असुलउपर गर्ने निर्णय समितीको सिफारिसमा गाउँपालिकाले गर्न सक्नेछ ।

**७०. अनिवार्य असुल उपर गरिने :** (१) कुनै पनि सेवाग्राहीले गाउँपालिका सँग गरेको करार बमोजिम आफ्नो व्यवसाय सञ्चालन नगरेको भनी समितीको प्रतिवेदनमा कार्बाहीको सिफारिस भई आएको खण्डमा गाउँपालिकाले कार्बाहीको प्रक्रिया अगि बढाउन आदेश दिनसक्नेछ ।

(२) कारबाही अगाडि बढाई सम्भौता अनुसार कार्य नगरेको पाइएमा गाउँपालिकाले प्रदान गरेको अनुसुची-३ बमोजिमको सम्भौता अनुसारको रकम, प्राविधिक सहायता वा जिन्सीको खर्च असुलउपर गरी सम्भौता भंग गर्ने सेवाग्राही व्यत्तिबाट सरकारी बाँकी सरह उसुलउपर गर्न गाउँ कार्यपालिकाको निर्णयमा समितीलाई आदेश दिनसक्नेछ ।

(३) उपदफा (२) अनुसार व्यत्तिबाट उसुलउपर हुन नसकेको खण्डमा निज व्यत्तिको नाममा रहेको विविध चल अचल सम्पतीबाट असुलउपर गरिनेछ ।

(४) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि; सम्भौता भंग गर्ने सेवाग्राहीको मृत्यु भएको खण्डमा वा आगलागि, भुकम्प, बाढी, पहिरो र डकैती जस्ता काबुबाहिरका कारणले निज सेवाग्राहीले सम्भौता अनुसार आफ्नो उद्यम/व्यवसाय सञ्चालन गर्न असमर्थ भई सम्भौता भंग हुनगएको प्रमाणीत भएमा यो दफा निजलाई लागु हुनछैन ।

**७१. दोषी कर्मचारी वा पदाधीकारीलाई कार्बाही हुने :** (१) गाउँपालिकाको कुनै पनि कर्मचारीले जानीबुझीकन, भनसुनको आधारमा वा आफ्नो अधिकारको दुरुपयोग गरी अनुदानको दुरुपयोग भएको प्रमाणित भएमा निज कर्मचारीलाई गोकुलगंगा कर्मचारी सेवा शर्त तथा सुविधासम्बन्धीको विनियामावलीमा व्यवस्था भएबमोजिमको कारबाही गाउँपालिकाले गर्न सक्नेछ ।

(२) गाउँपालिकाको कुनै पनि पदाधिकारीले जानीबुझीकन, भनसुनको आधारमा वा आफ्नो अधिकारको दुरुपयोग गरी अनुदानको दुरुपयोग भएको प्रमाणित भएमा निज पदाधिकारीलाई आवश्यक कारबाही गर्न समितिले गाउँ कार्यपालिका समक्ष सिफारिश गर्ने छ ।

## परिच्छेद -७
## विविध

**७२. संशोधन हुने :** गोकुलगंगा गाउँपालिकाको अनुदान, वितरण तथा व्यवस्थापन कार्यविधि, २०७७ गाउँ कार्यपालिकाको निर्णयमा संशोधन गर्न सकिनेछ ।

**७३. अनुदानको आवेदन, कबुलियत तथा संभौता फराम र अनुदान अनुगमन, मूल्याङकन तथा सिफारिस फारमको ढाँचा :** अनुदानको आवेदन, कबुलियत तथा संभौता फराम र अनुदान अनुगमन, मूल्याङकन तथा सिफारिस फारमको ढाँचा अनुसूचीमा तोकिए बमोजिम हुनेछ ।

**७४. अनुसूचिमा हेरफेर गर्न सकिने :** गाउँ कार्यपालिकाको निर्णयले यस कार्यविधिका अनुसूचिहरु हेरफेर वा संशोधन गर्न सकिने छ ।

**७५. बाधा अड्काउ फुकाउ :** यो कार्यविधिको कार्यान्वयनको सम्बन्धमा कुनै बाधा अड्काउ परेमा यस कार्यविधिको भावनाको प्रतिकुल नहुने गरी कार्यपालिकाको निर्णयले त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक व्यवस्थ गर्न सक्नेछ ।

**७६. कार्यविधि लागु हुने :** यो कार्यविधि गोकुलगंगा गाउँकार्यपालिकाले स्वीकृति गरी राजपत्रमा प्रकाशित भए पछि लागू हनेछ ।

**अनुसुची १ :** कार्यविधिको दफा ७३ संग सम्बन्धित, अनुदानको लागि सेवाग्राहीले भर्नुपर्ने आवेदन फारमको ढाँचा

**गोकुलगंगा गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यलय,**
**रस्नालु ३, रामेछाप**
**बागमती प्रदेश नेपाल ।**

अनुदान प्राप्तीको लागि दिईने आवेदन फाराम

**विषय : अनुदान उपलब्ध गराई पाऊँ भन्ने सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा यस गोकुलगंगा गाऊँपालिकाद्धारा प्रदान गरिने कृषि/होटल तथा पर्यटन/पशुपंक्षी पालन/माछापालन/घरेलु उद्योग/सूचना तथा प्रविधि/प्राकृतिक तथा साँस्कृतिक सम्पदा संरक्षण/खेलकुद/स्वास्थ्य क्षेत्र अर्न्तगत मेरो/हाम्रो नाममा दर्ता रहेको ........................................................ फार्म/कम्पनी/समूह मिति ..........................मा गोकुलगंगा गाउँपालिकामा दर्ता भएर हालसम्म .......................................................

.......................................................................................................... का व्यवसायिक क्रियाकलापहरु सञ्चालन गरिएको साथै **गोकुलगंगा गाउँपालिकाको अनुदान वितरण तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७७** को मापदण्डअनुसार अनुदान प्राप्त गर्न योग्य भएकाले गाउँपालिका मार्फत प्रदान गरिने ....................................................... अनुदान कार्यक्रम अर्न्तगत अनुदान प्रदान गरिदिनुहुन तपशिलका कागजात साथ हार्दिक आवेदन गर्दछु/गर्दछौं ।

**निवेदकको नाम/थर :**
**निवेदकको फार्म/कम्पनी/समूहमा बहाल रहेको पद :**
**निवेदकको ठेगाना :**
**फार्म/कम्पनी/समूहको नाम/ठेगाना :**
**तपशिल बमोजिमकाका कागजातहरु संलग्न गरेको छु ।**

- निवेदकको नागरिकताको प्रतिलिपि- १ प्रति,
- वडा कार्यालयको सक्कल सिफारिश पत्र,
- फार्म/कम्पनी/समूहको दर्ता प्रमाणपत्रको प्रतिलिपि- १ प्रति,
- अद्यावधिक करचुत्ता प्रमाणपत्रको प्रतिलिपि- १ प्रति,
- फार्म/कम्पनी/समूहको दर्ता नविकरणको प्रमाण दिने कागजातको प्रतिलिपि- १ प्रति,

गोकुलगंगा गाऊँपालिकाको कार्यलयमा माथि म/हामी ले दिएको समस्त जानकारी म/हामी ले जानेबुझेसम्म सत्य छन । कुनै फरक परेमा कानून बमोजिम सहन बुझाउन तयार रहने छु/छौं । साथै, गोकुलगंगा गाउँपालिकाको अनुदान वितरण तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७ को हरेक मापदण्ड/**प्रावधान**हरु हुबहु पालना गरि अनुदानको कार्यहरु गर्ने सहमती जनाउदछु ।

**मिती :** २०...........

**हस्ताक्षर :**

**फार्म/कम्पनी/समूहको छाप**

**अनुसुची २ :** कार्यविधिको दफा ७३ सँग सम्बन्धी अनुदान अनुगमन, मुल्यांकन तथा सिफारिस समितिले जाँदा भर्नुपर्ने फारमको ढाँचा

**गोकुलगंगा गाऊँपालिका**
**गाऊँकार्यपालिकाको कार्यलय,**
**रस्नालु ३, रामेछाप**
**बागमती प्रदेश नेपाल ।**

<u>अनुदान अनुगमन, मुल्यांकन तथा सिफारिस फारम</u>

अनुगमन गरिएको मिति :
अनुगमन गरिएको व्यक्ति/फार्म/कम्पनी/समूह को नाम :
अनुगमन गरिएको ठेगाना :

| | |
|---|---|
| **अनुदान लिएको व्यवसायको क्षेत्र :** | |
| **अनुदानको प्रकृति नगद :** | नगद/जिन्सी/प्राविधिक सहयोग |
| **व्यवसायमा संचालन गर्न पहिले गाउँपालिकाबाट अनुदान:** (क) लिएको (ख) नलिएको | |
| **व्यवसायमा भएको खराब र सबल पक्ष :** | |
| व्यवसायको अवस्था : (क) नाजुक (ख) अति नाजुक (ग) अत्यधिक नाजुक भई चेतावनी दिनुपर्ने अवस्था भएमा (घ) राम्रो (ङ) अति राम्रो | |
| सम्झौता/अनुदानको बेवास्ता गरिएको भए सो सम्बन्धी जानकारीमुलक विवरण : | |
| **मूल्यांकन :** | |
| माथिको असल र खराब पक्षको विवरणहरुको अध्ययन पश्चात अनुगमन, मुल्यांकन तथा सिफारिस समितीले गरेको मुल्यांकनको निर्णय : | |

**अनुगमन, मुल्यांकन तथा सिफारिस समितीका पदाधिकारीहरु**

(क) गाउँपालिका अध्यक्ष - संयोजक
(ख) उपाध्यक्ष - सदस्य
(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य
(घ) सम्बन्धित वडाको वडाध्यक्ष - सदस्य
(ङ) योजना तथा अनुगमन शाखा प्रमुख - सदस्य
(च) गोकुलगंगा गाउँकार्यपालिकाले तोकेको कार्यपालिका सदस्य- सदस्य
(छ) सम्बन्धित शाखा प्रमुख- सदस्य सचिव

इति संवत् २० ....... साल रोज...... शुभम........... ।

**अनुसुची ३ :** कार्यविधिको दफा ७३ सँग सम्बन्धित, अनुदान आवेदन स्विकृत भएपश्चात सम्पन्न गरिने अनुदान सम्झौताको ढाँचा

**गोकुलगंगा गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यलय,**
**रस्नालु ३, रामेछाप**
**बागमती प्रदेश नेपाल ।**

कबुलियतनामा तथा सम्झौता फाराम

श्री ........................................................................ र गोकुलगंगा गाऊँपालिका बिच ..............................................कार्यक्रम अर्न्तगत ............................................. नामक फार्म/कम्पनी/समूहले गोकुलगंगा गाउँपालिका वडा नं. ........ को .............................. टोलमा सञ्चालन गरेको ...................................व्यवसायको लागि सो व्यवसायको स्तर वृद्धि, मात्रामा वृद्धि र व्यवसायिकता वृद्धि गर्ने उदेश्यको साथ गोकलुगंगा गाऊँपालिकाको तर्फबाट रु ................... (अक्षरेपी ....................रुपैंया) को अनुदान .......................... एकमुष्ट लिनेदिने गरी सम्झौता गरिएको छ । उल्लेखित अनुदानको लागि गोकुलगंगा गाउँपालिकाले राखेको तपशिलका शर्तहरु बुझेर पालना गर्न प्रतिज्ञारत रहेको भनी हस्ताक्षर गरिदिएको छु/छौं ।

**तपशिलका शर्तहरु :**

१. गाउँपालिकाबाट जारी भएको अनुदान बितरण तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७ पढीबुझी सो को पूर्ण पालना गर्न मन्जुर छु ।
२. अनुदान रकमबाट काम गर्ने स्थलमा गाउँपालिकाको सहयोग देखिने र बुझिने गरी होडिंग वोर्ड टांस गर्नेछु ।
३. म, हामीले गाउँपालिकामा व्यवसाय दर्ता गरिसकेको छु, छौं । आजको मितिले १५ दिनभित्र दर्ता गर्ने छु, छौं । प्रचलित कानून अनुसार नियमित कर तिरि रहेको छु, छौं । प्रचलित कानून बमोजिम नियमित कर तिर्न सहमत छु, छौं ।
३. मैले यससंझौता गर्दाका बखत कुनै पनि व्यवसायिक गर्न, कामको लागि संघीय सरकार र प्रदेस सरकारबाट अनुदान वा सहुलियत प्राप्त गरेको छैन । यस गाउँपालिकाबाट पनि दोहोरो पर्ने गरी कुनै अनुदान लिएको छैन, लिनेपनि छैन ।
४. गाउँपालिकाबाट प्राप्त अनुदानको रकमबाट आफैले र स्वयं आफ्नै परिवार नै संलग्न भै काम गर्नेछु ।
५. गाउँपालिकाले दिएको निर्देशन पालना गर्नेछु । साथै, अनुदान रकम उपयोगको प्रगति बिबरण गाउँपालिकालाई ३/३ महिनामा नियमितरुपमा बुझाउने छु । यसैगरी, कार्यसम्पन्नताको अन्तिम प्रतिबेदन पनि बुझाउनेछु ।
६. गाउँपालिकाबाट यससम्बन्धमा जारी हुने भविष्यका शर्त र निदेशन पालना गर्नेछु ।

माथिको शर्तहरु लाई हुबहु लागु गर्न गराउनको लागि हस्ताक्षर गर्ने,

| **निवेदकको तर्फबाट** | **गोकुलगंगा गाउँपालिकाको तर्फबाट,** |
|---|---|
| सेवाग्राहीको नाम : ........................................ | नाम : |
| हस्ताक्षर : | पद : |
| फार्म/कम्पनी/समूहको नाम : ........................................... | हस्ताक्षर : |
| फार्म/कम्पनी/समूह दर्ता नं. : | छाप : |
| सेवाग्राहीको ठेगाना : | |
| छाप : | |

इति संवत् २० ....... साल रोज...... शुभम............ ।